# पूर्णिमा

इतिहास-प्रधान त्रैमासिक पत्रिका

६४

पूर्णाङ्क

संशोधन-मण्डल

का. मे. ज. द. नं. १५५/२४९

*तदिह न गुणदोषौ योजनीयावलीको*
*कथमपि महता यत् संस्कृतोऽयं श्रमेण ।*

—बापूदेव शास्त्री

*[ यो धेरै मिहिनेत गरी तयार गरिएको छ । यस कारण यहाँ झूटो गुण अथवा दोष नलाइदिनुहोला । ]*

# पूर्णिमा

(इतिहास–प्रधान त्रैमासिक पत्रिका)

१६ वर्ष ४ अङ्क

सम्पादक–
महेशराज पन्त
दिनेशराज पन्त

प्रकाशक–
देवीप्रसाद भण्डारी
(संशोधन–मण्डलद्वारा)

यस अङ्कको मूल्य रु. १५।–

# विषयसूची


| | | |
|---|---|---|
| १ श्री ५ रणबहादुर शाहले कालु पाँडेलाई वि. सं. १८५० मा लेखेको अप्रकाशित पत्र | दिनेशराज पन्त | १–३ |
| २. दरौँदीमा बाँध बनाउने विषयको वि. सं. १८६१ को अप्रकाशित पत्र | दिनेशराज पन्त | ३–४ |
| ३. रणबहादुर शाह मारिएको कुरा परेको वि. सं. १८६३ को अप्रकाशित पत्र | दिनेशराज पन्त | ४–५ |
| ४. ऐ. शि. बाबुराम आचार्यले रचना गर्नुभएको नेपालको संक्षिप्त इतिहास | देवीप्रसाद भण्डारी | ५–१२ |
| ५. टिप्पनको पुस्तक | महेशराज पन्त | १२–३३ |
| ६. वि. सं. २००७–८ मा आफूले देखेसुनेका र आफ्नो मनमा लागेका कुरा | नयराज पन्त | ३४–३९ |
| ७. नेपाल् इन् पर्स्पेक्टिभ्‌को गर्भमा रहेको संस्करणको विषयमा | महेशराज पन्त | ३९–४७ |

# श्री ५ रणबहादुर शाहले कालु पाँडेलाई वि. सं. १८५० मा लेखेको अप्रकाशित पत्र

– दिनेशराज पन्त

श्रीज्वाला १

१. स्वस्ति श्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधविरुदावलिविराजमानमानो-
२. न्नतश्रीमन्महाराजाधिराजश्रीश्रीश्री महाराजेरणबहादूरसाहबहादुरसम्सेर्जङ्गदेवानाम्
३. सदा समरविजयिनाम्
४. स्वस्ति श्रीराजभारासामर्थ श्रीकालु पांडेके सलामपूर्वकपत्रमिदम्. ऊंहा कुसल ताहा कु-
५. सल चाहिये. पत्र २ आया. अर्थ मालुम भयो. आगे इहाको समाचार भलो छ. उप्रांत देस-
६. देसका चिठिपत्र आयाको आफुले लेष्याको नरु साहि आई सुबांगिको र विभाहाखर्चको
७. ढेरै टन्टा लाउंदा मुलुक् जलिरहेछ भनि बिस्तार बिंती गरि पठायाछौ. मालुम भयो. उप्रां-
८. त गढ् श्रीमोड् बाझ्याको हाम्रो बढियै हो. अरू पनि ति दुवं नमिल्या बढिया छ. सोहिमा-
९. फिक् बोलनु. सुबांलाई पनि मुलुकमा बिबाजवि टन्टा नलाव. सलुकं गर भनि लेष्याको छ.
१०. तर्तहसिल मर्मामला सुबंको रकं हो. नरु साहिले गर्नु. देसदेसमा चीठिपत्रको जर्जबाप्
११. लेषता पऱ्याको हुंगमा टारदा तिमि २ का मतले सप्रन्या काज गर. तिमि २ जना मिल्याका
१२. रहेनछौ. आपसिमा नमिल्या पनि हाम्रा काजमा मिलीकन गर. उप्रांत चिनिञा हटाउंदा
१३. अघि पश्चीम् जान्या ढलेत् तिलंगाको बालिस्मेत् श्रीजंको धान्को बाली तिमिले पजनि

१४. गरि लैग्याका सिपाहिले षानु. गहुको बालीस्मेत् नैनसिले जमायाका कंपनीले षानु

१५. भनी बक्स्याको हो. मेषजिनमा कम्पनी राषन्या पऱ्यो र श्रीजंकम्पनि रह्याको छ. तांहां

१६. रह्याका श्रीजंलाई कुमांउ का नञां कंपनीलाई बाली भर्ता गरि बाकी रह्याका पैसामा

१७. पुग्या धानको बाली दिनु. नपुग्या गहुको बाली र भत्ताषर्च दिनु भनी नरु साहिलाई पर्ना

१८. लेष्याको छ. ञांहांबाट भारा कंपनि आईपुगन्ज्याल श्रीजंलाई ताहा थाम. बोलाहाट्

१९. पुगि कम्पनि आवला. बाली बक्सौंला. उपर चार कंपनिलाई पनि भत्ता दिनु भनी सुबा-

२०. लाई लेष्याको छ. महिन्द्रसिलाई केहि षर्च दि भला मानोस साथ लाई मध्येसको बाटो

२१. पठाव भनी अस्ति लेष्याको हो. आउन्या भन्या चाडो पठाव. नआवन्या भया चिन्हि बिंति गरि

२२. पठाव. आयेनन् भन्या ञाहाबाट भारा फौज पुग्यापछि केवलपुरिको काज गरूला. ताहा-

२३. सम्म गर्गौ डामा षर्षजाना अन्नपानि हाली सचेत्संग रहनु. बांकि १२ हजारको ज-

२४. ग्गा पाली प्रगन्ना हो. ६ हजारको जगामा – – – लाई सदावर्त राषि अमरसि थापा-

२५. ले चऱ्हाई गयछ भनि बिन्ति गरि पठायाछौ. तेस् कुरामा हाम्रा विना हुकुम चऱ्हाया-

२६. को हुंदैन. दस्षत पनि षोसि ञाहा चढाइ पठाउ. तिमि अम्बल गर भनि नरु साह-

२७. लाई लेषि पठायाको छ. उप्रांत जुहारको भोटमा त्रीसाला २२ हजार आउन्या हो. २२

२८. हजारका जगामा ६ हजार लिनु गरि कालु पांडे आयो. नरु साहिले बिंती गरि पठाया-

२९. छन्. मामिलत हुंदा सुबाका संमत हातदेषि लिन्या हो. २२ हजारको ६ हजारमा छो-

३०. डन्या होईन. जानेनछौ. अऊ पनि धामा बुढास्मेत मोष्य मोष्यलाई बहुतै तरहसित लो-

३१. ल्याई झिकि तेस्ता मानीसलाई काट. तेस्ता मानिस काटचादेषि मुलुक् काबु रहंछ.

३२. बाको १२।१५ चिठि चढाई पठायामा एक चिठिको जबाप पनी आयेन भनी बिंती ग-

३३. रि पठायाछौ. आयाका चिठिको जबाप बक्स्यैको छ. उप्रांत लागदै जेठमा १।२ मुखि

३४. प्रजाले औतारि हौं भनि नालदुमपश्चीम बेत्रावतिपूर्वका प्रजा बटुली भारनाग-

३५. ल्यामा भेला भयाछन्. इन्संग नमिलन्या सांगाचोक्का लामालाई मान्या भ-

३६. न्या षबर आयो र २ कंपनी पठाउंदा केहि काटिया. केहि भाग्याका थिया. फेरि सां-
३७. उनका १० दिन जांदा सिकर्ब्यासि तांवेसतार नर्जा कबिलास् भोंट्या भेला भै घर पो-
३८. लि लुट गऱ्यो भन्न्या षबर आयो र फौज पठाई हजार मुर्मि साफ भया. गाउंल्याका क-
३९. बिला आफ्ना आफ्ना घरबारिमा राषि मिजार गौरुका कबीला मासिया.
४०. देसको साहास पाईकन गऱ्याको रहेनछ. ई प्रजाका जाना मिले छ्यागियाका रह्या-
४१. छन्. सोहिमाफिक् तंबि गरिउं. उप्रांत कटौली कौड्याको लडांईका घाइताला-
४२. इ घाषर्च तिला महाजन्को ६ सये रुपैया कर्जा लो भारादारले घाईतालाई
४३. दियाको रहेछ. तनषा लायाको जोग मल् षोसिंदा सध्याको रहेनछ. महा-
४४. जन्को कर्जा घाईतालाई दियाको राषनु छैन. भरिदेउ. बांकी मौजो मिजा भ-
४५. वानीसिं देसि सिपाहि हुंन्. आजसम्मको दर्माहा हिसाप गरि आधा जिनो-
४६. स् आधा नगद भरिदेउ. देसि सिपाहिको दर्माहा अट्क्या देसमा जाई
४७. नाल्सि पारछन्. तसर्थ दर्माहा चुकाई बर्तलप् गरि बिदा गरिदेउ. ईति स-
४८. म्वत् १८५० साल मिती श्रावणशुदि ३ रोज ६. मोकाम कांतिपूर राजधानी
४९. शुभम् - - - - - - - -

(यस पत्रको नकल परराष्ट्रमन्त्रालयको ४३ सङ्ख्याको खाममा छ ।)

# दरौँदीमा बाँध बनाउने विषयको वि.सं. १८६१ को अप्रकाशित पत्र

— दिनेशराज पन्त

श्रीदुर्गा १

१. स्वस्ति श्रीमन्महाराजाधिराजकस्य रुक्का ———————
२. आगे गोर्षाका श्रीधर पंथ पौऊवर राना गजवर षत्री दस्या बानीजां कौस्न-

३. सि थापा गजबल बानीजां थरघर गैन्हप्रती. दरमदिका बाध भघारी हला-
४. ऊनाकन समरसुर कंम्पनीका दुई पटी तोलंगा लि ज्मादारहरुलाइ पठाई-
५. दियाको छ. फारा गराई जौना पाठसंग बलिव हुन्या हो. सो पाठसग बाध
६. हालन लाऊ. इति संवत् १८६१ साल मिति मार्गसिरवदि ३० रोज ७ शु

(यस पत्रको नकल परराष्ट्रमन्त्रालयको ७१ सङ्ख्याको खाममा छ ।)

# रणबहादुर शाह मारिएको कुरा परेको वि. सं. १८६३ को अप्रकाशित पत्र

– दिनेशराज पन्त

श्रीदुर्गासहाय १

चौतारा बम्साह चौतारा प्राण साह श्रीबुबाज्यू श्रीगुरु पंडितराज रंगनाथ पंडितज्यू

२ १ २

१. स्वस्ति श्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधविरुदाव-
२. लिविराजमानमानोन्नतश्रीमन्महाराजाधिराजश्रीश्रीश्रीमहाराजेगी-
३. र्वाणयुद्धविक्रमसाहबहादुरसमसेरजङ्गदेवाना सदा समरविजयि-
४. नाम् – – – – – – – – – – – – – – – – – – – – – – – – –
५. स्वस्ति श्रीश्रीधर पंन्थ भुजबल बस्न्यात किस्नसिं थापा गंन्ह बान्ह हजार गोर्षा-
६. का थरघर भला मानीस्के आशिष. उप्रांन्त वैसाषका १४ दिन जां बृ-
७. हस्पतिवारका राती घडी ९ जांदा कचहरिमा दगा गरी – – – – – माथी से-

१

८. रवहादुन्या कर्मचंडालले तरवार चलायो. ताहापछि घरी १ मा
९. – – – – – – – –परलोक हुनुभयो. जाहाका अर्थकन – – – – – – – – का-

१ २ ३ ३

१०. जी रणजित पाडे काजी भीमसेन थापा काजी रणध्वज थापा काजी बा-
११. लनरसिं कवर काजी बहादूर भंडारी सर्दार बखतसिं बस्न्यात गैरह जा-
१२. गिन्या ढाक्या भारादार भला मानीस् थरघर पुरानिआं पांच र श्रीनाथ
१३. कालीबकस् गैरह कंपनोले सर्व बातको संभार गऱ्याको छ. केही बा-
१४. तको सन्देह छैन. ताहां सब बातको संभार गरी भयापऱ्याको षबर बि-
१५. न्ति गरि पठाऊदै रहु. इति संवत् १८६३ साल मिति ज्येष्टवदि ५ रोज ४ शुभम्

(यस पत्रको नकल परराष्ट्रमन्त्रालयको २७ सङ्ख्याको खाममा छ ।)

*( क्रमागत )*

## ऐ. शि. बाबुराम आचार्यले रचना गर्नुभएको

# नेपालको संक्षिप्त इतिहास

सम्पादक –देवीप्रसाद भण्डारी

छब्बीसौँ परिच्छेद

## रणबहादुर शाहको वापसी र भीमसेन थापाको उत्थान सतलजसम्म राज्यविस्तार र काँगडामा आक्रमण

(ई. सं. १८०४–१८०६)[1]

१। ललितपुरबाट भाग्दा रणबहादुर शाहका साथ तीन चार जना केटी सुसारेबाहेक भरोसिला मानिसमा एक जना सुबेदार भीमसेन थापा मात्र गएका थिए । पछि सुवर्णप्रभाले भारादारका छोराहरूलाई उनका सेवामा जाने आज्ञा दिँदा जीव शाह, रणजित् राणा र जगजित् पाँडेका छोराहरू प्राण शाह, बालनरसिंह राणा र दलभञ्जन पाँडे पनि पुगे । उहिले निकालिएका व्रजनाथ पण्डितज्यूका छोरा रङ्गनाथ पण्डितज्यू पनि उनसँग मिले । यीबाहेक एकदेव

---

१. वि. सं. १८६०–१८६२ ।

उपाध्याय (वैद्य), उदय गिरि र कुलानन्द का पनि यिनका साथमा लागे। यी सबै ३० वर्षमनिका ठिटा थिए। बनारसमा पुगेर रणबहादुर शाहले महानिर्वाणानन्द भन्ने नाम लिएर संसारका सुखभोगबाट मन हटाई ईश्वरका चिन्तनमा मात्र लागेको भन्ने विशेषण प्रशस्तिमा जोडिरहेका थिए तापनि राज्यका सुखभोगलाई फलफली सम्फेर छटपटाइरहेका थिए, कुमाउमा अधिकार गर्ने उद्योग विफल हुँदा पाल्पाली राजा पृथ्वीपाल सेनद्वारा नेपालमा घुस्ने उद्योग गर्दा पनि असफल भएका थिए, पछिबाट बस्न्यात दलका बम शाह आदिलाई र अमरसिंह थापालाई समेत अघिको कसूर सबै माफ, तिमी धर्मपुत्र भयौ, मेरा पक्षमा रहू भन्ने बेहोराको, अनेक देवता साक्षी राखेर पत्र पठाए, तर यो पत्र आइनपुग्दै बम शाह आदि कैद भएका हुनाले यो प्रयत्न पनि विफल भएको थियो, निगरानी-बाट छुटेपछि दङ्ग भएर नेपालमा आउने प्रयत्नमा लागिहाले। हुनता यिनलाई नेपालबाट साल एकमा सवा लाख रुपियाँ भत्ता जान्थ्यो। तैपनि खर्च ठूलो हुनाले हात रित्तो हुँदा बाटाखर्चका निमित्त ऋण खोजी गर्न लाग्दा एक महीना विलम्ब भयो।

यता विद्यालक्ष्मीको पनि रणबहादुर शाहका उपर प्रेम र भक्ति हटेको थिएन। तर उनका हातमा शासनको बागडोर गएपछि खूनखराबी बढ्ने निश्चय देखेर पदच्युत महाराजलाई जुन तरहसँग राख्नु उचित थियो, उसै तरहसँग राखेर सेवा गर्न चाहन्थिन्। तर यस तरहसँग रहन रणबहादुर शाह चाहँदैनथे।

विद्यालक्ष्मीका हातबाट शासनको बागडोर खोस्नाका निमित्त पाँडेदललाई कमजोर गराउन आवश्यक थियो। पाँडेहरूमा पनि कालु पाँडेका सन्तान दामोदर पाँडे आदि काला हुनाले काला पाँडे र तुलाराम पाँडेका सन्तान रणजित् पाँडे आदि गोरा हुनाले गोरा पाँडे कहिन्थे। गोरा पाँडेहरूमा र बस्न्यातहरूमा विवाहसम्बन्ध चलिरहेको थियो। यी दुवै थरीसँग भीमसेन थापाको पनि नातागोता जोरिएको थियो। यस कारणले रणबहादुर शाहले भीमसेन थापालाई बनारसमा नै कज्याइँ दिई आफ्ना हजुरिया दीवान गराए। भीमसेन थापाका आग्रहले रणजित् पाँडे, अमरसिंह थापा (बडा) र त्रिभुवनसिंहसमेत रणबहादुर शाहका पक्षपाती बने। यस कारणले विद्यालक्ष्मी र दामोदर पाँडे मिली ती तीनै जना काजीलाई र तिनका पक्षका सरदार चामु भण्डारी आदिलाई समेत कैद गरे (११ फरवरी)।[२] विद्यालक्ष्मीका पक्षमा विदुर शाह, दामोदर पाँडे, रणधीरसिंह बस्न्यात, नरसिंह गुरुंग र बलबन्त राना रहेका थिए।

२। रणजित् पाँडे आदि कैद भएको खबर नपुग्दै रणबहादुर शाह बनारसबाट म्यानामा दौडादौड गरी छैटौँ दिन बारागढीमा उत्रे (२५ फरवरी)।[३] यिनका साथ भीमसेन थापा आदि दश बाह्र जना हतियार भिरेका नेपाली नवयुवक र ५० जना जति बनारसी लठबाज थिए। रणबहादुर शाहलाई निगरानीमा राखेर ल्याउनलाई नरसिंह गुरुंग बारागढीमा पुगेका थिए। उनका रोबमा दबेर यी पनि उनका पछि लागे। मकवानपुरका हाकिम काजी रणबम पाँडे भागेर बाटो खुला गरिदिए। नेपालब्याँसीमा पस्ने दुइ बाटामा एकापट्टि रणधीरसिंह बस्न्यात र अर्कापट्टि दामोदर पाँडे लिन गएका थिए। रणबहादुर शाहलाई निगरानीमा ल्याउनाका निमित्त दुइ दुइ कम्पनी सैनिक यिनका साथमा थिए। दामोदर पाँडे गएपट्टिबाट रणबहादुर शाह आई सैनिक कम्पनीहरूसँग सलामी लिँदा लिँदै जो भाषण दिएथे, त्यसको प्रभाव परी सैनिकहरूले दामोदर पाँडे र प्रबल राना (सरदार)लाई पक्री बाँधेर

---

२. वि. सं. १८६० फागुन २ गते।

३. फागुन १६ गते।

उनका साथ काठमाडौंमा ल्याए । आफ्ना कमानमा रहेका सैनिकहरूले यति चाँडै बिरोध गर्लान् भन्ने दामोदर पाँडेका मनमा विचारसम्म पनि उठेको थिएन । यो खबर सुनेर अर्कापट्टि गएका रणधीरसिंह बस्न्यात भागी मुगलानामा पुगे । विद्यालक्ष्मीले काठमाडौं शहरबाहिर चौरमा रणबहादुर शाहका निमित्त पाल टाँगिदिएकी थिइन् । रणबहादुर शाह त्यहीँ आएर सुवर्णप्रभा, बम शाह आदिलाई कैदबाट झिकेर आफ्ना हातले नेल खोलिदिए । यसै दिनदेखि विद्यालक्ष्मीका हातबाट नेपाल राज्यको शासन रणबहादुर शाहका हातमा गयो (१ मार्च) ।[४]

३। काठमाडौंमा उत्रेका सात दिनपछि रणबहादुर शाहले राजसी ठाँटसँग राजभवनमा प्रवेश गरे, राजसिंहासनमा बालक छोरा गीर्वाणलाई नै रहन दिए, यिनैका नामबाट सरकारिया आज्ञापत्र र चाँदीका टक निकाल्दै रहे, तर सुनका टक आफ्ना नामबाट चलाए, आफूले हजुरिया दीवान बनाई ल्याएका भीमसेन थापालाई दामोदर पाँडेको खानगी–बानगी दिए । घरको मुख्य मानिस काजी भएपछि उनका एकाघरका भाइछोरासमेत उसै खानगीमा काजी बन्ने नियम थियो । यस तरहले भीमसेन थापाका पिता अमरसिंह थापा (छोटा), भाइ नयनसिंह थापा, बखतवारसिंह थापा र अमृतसिंह थापासमेत काजी भए । रणबहादुर शाहले रङ्गनाथ पण्डितज्यूलाई राजगुरु, प्राण शाहलाई चौतरिया र दलभञ्जन पाँडेलाई काजी गराए, बालनरसिंह राणाको सट्टा यिनका पिता रणजित् राणालाई नयाँ सरदारी खानगी दिए, कैदबाट छुटेका बखतवारसिंह बस्न्यात आदिको खानगी बानगी थामी मन्त्रिमण्डलमा राखे, शेरबहादुर शाहलाई चौतरियामा भर्ना गरे । यसरी यिनले मन्त्रिमण्डलको आकार ठूलो गराए तापनि मन्त्रीहरूमा मुख्य भीमसेन थापा नै भए ।

एकातिर नयाँ मन्त्रीहरू भर्ना भइरहेका समयमा अर्कातिर हत्याकाण्डको सिलसिला पनि चलाए । दामोदर पाँडे सीधासाधा स्वभाव भएका वीर र राजभक्त पुरुष थिए । कालीपारका चौबीसी रियासतहरूका एकताको सूत्र तोडी अलकनन्दासम्म नेपाल राज्य बढाउनामा बहादुर शाहका सहायकमा मुख्य यिनै भएका थिए । चीनका आक्रमणबाट नेपाललाई बचाउनामा पनि यिनले ज्यादै परिश्रमपूर्वक काम गरेका थिए, व्यर्थको रक्तपात रोक्नाका निमित्त रणबहादुर शाहलाई निगरानीमा राख्ने उद्योग गर्दा कैदी हुन आए, कैद भएका दिन रणबहादुर शाहले आफ्ना पालका नजीकै एक सत्तलमा राखे, रातमा प्रबल रानाले भाग्ने सल्लाह गर्दा कातर हुनुभन्दा मर्नु निको भन्ने गोरखाली जबाफ दिए। प्रबल राना संन्यासीको भेष लिएर रातैमा भाग्दा रणबहादुर शाहले दुइ जना पालेलाई छाला काढेर मराए, पाल्पाली राजा पृथ्वीपाल सेनलाई नेपालका राजसिंहासनमा राख्ने उद्योग गरेको अपराध लगाई दामोदर पाँडेलाई र यिनका माहिला छोरा गजकेशर पाँडेलाई कटाइदिए । अघिका टकसारी भीम खत्री, यिनका तीन छोरा र सुबा शङ्खधरसिंहको बेरहमीसँग ज्यान लिए ।*

* रणबहादुर शाहका आज्ञाबाट सजिलैसँग मारिनु पनि भाग्य थियो । अभागी दामोदर पाँडेका गलामा पाङ्ग्रो फसी १२ दिनसम्म अहोरात्र उभ्याएर कटाए । शङ्खधरसिंहलाई उभ्याएर खाडलमा गाडी घाँटीसम्म पुरेर जुल्फीमा खोटो लगाएर आगो सल्काउन लगाए । भीम खत्रीका एक छोरालाई हातखुट्टा बाँधी दहमा फाले । अर्का छोरालाई पयरमा पासो लगाई रूखमा तीन दिनसम्म उल्टो झुण्ड्याउँदा पनि नमर्दा चौथा दिन झिकी कटाइदिए ।

---

४. फागुन २१ गते ।

विद्यालक्ष्मीका अमरशोभा भ्रमरकली आदि केटी सुसारेहरूको ज्यानसम्म बाँकी राखे।* विद्यालक्ष्मीलाई कडा कैदमा राखी सास्ती दिँदै रहे। कलकत्तामा रहेका सुबा दीनानाथ दहालहरूलाई पनि राजद्रोही बताई यिनको र कटुवा भगुवाहरूको सर्वस्व हरण गरे।

* पहिले यी दश बाह्र जना केटीलाई लहरै राखी उनका साम्नेमा उनका लोग्नेहरूलाई कटाएर रुवाबासी गराउँदै उनका नाक कान काटेर हर्ष मानेका थिए। विद्यालक्ष्मीसँग मेल भएकी एक ठकुर्नीलाई मुखमा मोसो पोती गधामा चढाई डाँडो कटाइदिए।

४। पाल्पाली राजा पृथ्वीपाल सेन र गढवाली राजा प्रद्युम्न शाहसमेत दामोदर पाँडेका मित्र हुनाले यी दुवै राजाको सर्वनाश गराउनामा रणबहादुर शाह तुरुन्त लागिहाले। प्रद्युम्न शाह टाढा रहेका हुनाले उनलाई फकाएर पक्रन सम्भव नहुँदा गढवालमा आक्रमण गर्नाका निमित्त अप्रिलका आखिरमा[५] हस्तदल शाहलाई चौतरिया दर्जा दिई सेनापति गराएर खटाए, यिनका सहायक गराएर अमरसिंह थापा(बडा)लाई पठाए। यिनीहरूले मद्दतका निमित्त पृथ्वीपाल सेनका सर्दार शशिधर टण्डन (खत्री) र उनका पाल्पाली सैनिक पनि लगे। पाल्पामा सैनिक घटेपछि रणबहादुर शाहले तिम्री बहिनी विवाह गर्दछु लिएर आऊ भनी पृथ्वीपाल सेनलाई खबर पठाउँदा पहिले आफ्ना भाइ चौतरिया रणबहादुर सेनका साथ बहिनीलाई पठाए; पछिबाट रणबहादुर शाहले ज्यादा आग्रह गर्दा इच्छा नभईकन आफू पनि जूनका आरम्भमा[६] काठमाडौँमा उत्रे। तर शहरभित्र पस्न नपाउँदै रणबहादुर शाहले आफ्ना सैनिक पठाई तिनका अङ्गरक्षकहरूको हतियार खोसी पक्रेर नेपालको राजमुकुट पहिरने उद्योग गरेको अपराध लगाई ललितपुरका राजभवनमा लगेर नजरबन्द गरे। पक्षिपल्ट पाल्पा रियासतमा अधिकार गर्न भनी अमरसिंह थापा (छोटा) र दलभञ्जन पाँडे सैन्य लिएर रमाना भए। गुल्मीका राजा सिद्धिप्रताप शाह भागिसकेका थिए। अमरसिंह थापा रिडीघाट तर्नुभन्दा अगाडि नै पृथ्वीपाल सेनका काका बूढा चौतारा शूरवीर सेन र भाइ समरबहादुर सेनले बुटवलको बाटो पक्रे। अमरसिंह थापाले रक्तपात नगराई पाल्पा, गुल्मी, अर्घा र खाँचीका पाहाडखण्डमा अधिकार गरे।

परन्तु बुटवलमा नेपालसरकारको अधिकार हुनामा शूरवीर सेनले बाधा दिए। उहिले बुटवलको केही तिरो पाल्पाली राजाबाट अवधका नवाबहरूले लिने गरेका थिए। उनै पुराना रसीद देखाएर गोरखपुरका साथ बुटवल पनि कम्पनी-सरकारका राज्यमा गएको हुनाले पृथ्वीपाल सेनको जमीनदारी मात्र हो भन्ने कुरा गोरखपुरका अङ्ग्रेज अमलाहरू-लाई सुझाए। तर अमरसिंह थापा(छोटा)ले गोरखाली सैनिक पठाई शूरवीर सेनलाई हटाएर उत्तरपट्टिका आधा भागमा दखल जमाई लिए। गर्मीको मौसम हुनाले गोरखाली सैनिक अगाडि बढ्न नसक्दा दक्षिणपट्टिका भागमा पृथ्वीपाल सेनको जमीनदारी खडा गराएर नचलौलमा शूरवीर सेनले अड्डा जमाए।

५। कुमाउमा झटपट पुगी रणकेशर पाँडेलाई पक्रेर पठाई गढवालमा आक्रमण गर्नू भन्ने रणबहादुर शाहको आज्ञा थियो। यस कारणले हस्तदल शाह र अमरसिंह थापा (बडा)ले अलमोडामा पुग्नेबित्तिकै रणकेशर पाँडेलाई नेल गल-फन्दी ठोकी कोक्रामा हालेर काठमाडौँमा चलान गरिदिँदा बाटैमा मरे। यस बीचमा कालीपारका गढीगौँडामा रहेका

५. वि. सं. १८६१ वैशाखका आधाआधीमा। ६. ज्येष्ठका आधाआधीमा।

सैनिकहरू लिएर काजी रणदीपसिंह बस्न्यात, सर्दार रणजित् राणा, सर्दार भक्ति थापा आदि पनि अलमोडामा पुगे। पाँच हजार जति तालीमी सैनिक जम्मा भएपछि जूनका आरम्भमा[७] हस्तदल शाहले उत्तर भेकबाट पिंडर नदी तरी गढवालमा सैन्य लगे। ई. सं. १८०३ मा[८] भएका भूकम्पले गढवालीको बडो हानि भएको थियो। राजभवन भत्केर रानीहरूसमेत पुरिएका थिए। यस अवस्थामा गोरखाली सैन्यको आक्रमण हुँदा प्रद्युम्न शाहलाई टिक्न असाध्य थियो। तैपनि उनका सेनापति सीसराम र दलबीर रानाले सैन्यसङ्ग्रह गरी केदारनाथनेर बधानकोटमा गोरखाली सैन्यलाई रोक्न खडा भइरहेका थिए। गोरखालीको सैन्यबल ठूलो देखेर सीसराम हटी टेहरीतिर लागे। उनको पीछा गर्दै अमरसिंह थापा (बडा) जाँदा अगाडि हिँडेका भक्ति थापाले चिक्षामिलुंगका लेकमा सीसरामका सैन्यलाई भेटी आक्रमण गरे। लडाइँमा सीसराम खेत रहेका हुनाले तिनका सैनिक छिन्नभिन्न भए। अमरसिंह थापा (बडा) र भक्ति थापासमेत चन्द्रवदनीमा रहे। बधानबाट दलबीर राना सोझै श्रीनगरमा जाँदा प्रद्युम्न शाह पनि हटेर दूनमा गएर अडिए। हस्तदल शाह र रणजित् आदि गई विना लडाइँले श्रीनगर दखल गरी वर्षादभर त्यहीँ बसे।

हिउँद लागेपछि हस्तदल शाहले प्रद्युम्न शाहका छाउनीमा आक्रमण गर्दा २०० सैनिक मारिएपछि प्रद्युम्न शाह र तिनका भाइछोरासमेत भागी मुगलानामा गएर सहारनपुरमा अडिए। यिनीहरूका साथ थोरै गढवाली सैनिक पनि पछि लागेका थिए। यिनैलाई लिएर प्रद्युम्न शाहका भाइ पराक्रम शाह र छोरा सुदर्शन शाह फर्की हरिद्वारनेर केनीघाटमा आएर डटे। दूनबाट हस्तदल शाहले आक्रमण गर्दा तिनीहरूलाई हटाउन नसकी फर्केर धामागढीमा बसे। चन्द्रवदनीबाट झरी अमरसिंह थापाले पनि केनीघाटमा आक्रमण गर्दा प्रायः लडाइँ नै नगरी नालापानीका गढीमा आफ्नो सैन्य ल्याएर बसे। केनीघाटमा भाइछोराहरू अडिएका देखेर प्रद्युम्न शाहले आफ्ना पुर्खाको राजसिंहासन डेढ लाख रुपियाँमा बेची दश बाह्र हजार सैनिक भर्ना गरे। भाइछोराहरूसमेत लिएर धामागढीमा घेरा दिन आउँदा त्यहाँ रहेका गोरखाली सैन्यलाई हस्तदल शाहले हटाएर देगु (तल्लो सलान)मा लगे। अचेलका देहरादूननेरका खुरबुरा भन्ने मैदानमा प्रद्युम्न शाह बसेका थिए। केही दिनपछि देगु र नालापानीमा रहेका गोरखाली सैनिक गई तिनका उपर आक्रमण गरे। गोरखाली सैनिकभन्दा गढवाली दोबर थिए। तर डेढ दुइ महीनाको तलब पेस्की लिएर ज्यालामा आएका सैनिकले आफ्ना देशका निमित्त मर्न मार्न तयार भएका गोरखाली सैनिकलाई जित्न असाध्य थियो। एक हजारजति सैनिक मारिएपछि ती ज्यालादारी सैनिक भाग्न थाले। गोरखाली सैनिक पनि ६० जवान जति परे। चार घण्टाका बिहानका लडाइँमा सुकुमार तथा दुब्ला–पतला प्रद्युम्न शाह खेत रहे (३० नवम्बर)।[९] पराक्रम शाह भाग्दा सबै ज्यालादारी सैनिक छिन्नभिन्न भए। हस्तदल शाहले प्रद्युम्न शाहको लोथ जलाउनाका निमित्त सैनिकका निगरानीमा सुदर्शन शाहलाई हरिद्वारमा पठाए। १७ वर्षका यी राजकुमारले रातका बीचमा गोरखाली सैनिकको आँखा छली मुगलानाको बाटो पक्रे; पैदल भाग्न लागेका प्रद्युम्न शाहका कान्छा भाइ प्रीतम शाह पक्रिएर अलमोडामा नजरबन्द भए। दूनको तराईसमेत मिलेपछि नेपाल राज्यको पश्चिम सीमाना जमुना नदीसम्म पुग्यो। पाहाडपट्टि गढवालका उत्तर–पश्चिमपट्टि रहेको रवाइँ भन्ने क्षुद्र रियासत अमरसिंह थापा (बडा)ले जितिसकेका हुनाले जमुनाभन्दा पनि परको टौँस नदी सीमाना कायम भयो।

६। जमुना र टौँसदेखि उत्तर–पश्चिमपट्टि सतलज नदीसम्मका पाहाडखण्डमा चौबीस पच्चीस रियासतहरूको एक समुदाय थियो। त्यसमा गढवालसँग जोरिएको सिर मौरसतलजका किनाराको कहलूर र महाभारतदेखि दक्षिण–

---

७. ज्येष्ठका आधाआधीमा।   ८. वि. सं. १८६० मा।   ९. मार्ग १७ गते।

पट्टिको हण्डूर केही ठूला थिए । यिनीहरूका बीचमा बाह्र थरी ठकुरीका क्यूँठल, बघाट आदि साना साना बाह्र रियासत उहिले नै कायम भएका हुनाले यो (पछि सिमला जिल्ला बनेको) प्रदेश बाह्रठकुराइ कहिन्थ्यो । पछि यिनबाट फुटेर बाघल आदि अरू साना साना ठकुराइ पनि बनेका थिए । यी ठकुराइका शासकहरू राणा कहिन्थे । यिनका उपर आधिपत्य जमाउनाका निमित्त कहलूर, हण्डूर र सिरमौरका राजाहरूको लडाइँ चलिरहन्थ्यो । सतलजदेखि पश्चिमपट्टि रावी नदीसम्मका पाहाडप्रदेशमा पनि अनेक रियासतको अर्को समुदाय बनिरहेको थियो । पृथ्वीनारायण शाहका समयमा मुगलसाम्राज्य टुट्न लागेपछि यी रियासत स्वतन्त्र हुन लागेका थिए । यीमध्ये सुजानपुर भन्ने साना रियासतका राजा संसारचन्द बहुत बलवान् भई छिमेकका रियासतका राजाहरूलाई अधीन गराउँदै रहे । सिख सर्दार जयसिंहका दखलमा आएको नगरकोट वा काँगडा भन्ने बलियो किल्ला ई. सं. १७८५ मा[१०] ती सर्दारबाट पाई नदाउँमा राजधानी सारेका थिए, कहलूर रियासतको आधा भाग सतलजपार रहेको हुनाले यस भागलाई पनि जितेर भारी राजकर लगाएका थिए ।

सिरमौरका राजा जगत्प्रकाशसँग संसारचन्दकी छोरीको विवाह भएको थियो । जगजित् पाँडेसँग सम्झौता गरी फर्केपछि चाँडै नै जगत्प्रकाश परलोक हुँदा तिनका भाइ धर्मप्रकाश राजा भएका थिए । सतलजपारका मण्डी रियासतका राजा ईश्वरी सेन र कहलूरका राजा महाचन्दले संसारचन्दका बन्धनबाट मुक्त हुनालाई धर्मप्रकाशसँग सैनिक सहायता मागे । लडाइँमा धर्मप्रकाश मारिए, ईश्वरी सेन कैदी भए, महाचन्द उम्केर सतलजवार आए । धर्मप्रकाशपछि तिनका भाइ कर्मप्रकाश राजा भएका थिए । नेपालसरकारले गढवाल जित्नेबित्तिकै संसारचन्दका विरुद्ध लडाइँ गर्नाका निमित्त हस्तदल शाह र अमरसिंह थापा (बडा)छेउ कर्मप्रकाश र महाचन्दले प्रार्थनापत्र पठाए ।

७। हिमालयभर नेपालराज्य कायम गर्ने जो सङ्कल्प पृथ्वीनारायण शाहका समयमा गोरखालीमा पैदा भएको थियो, त्यसलाई रणबहादुर शाहले वास्ता नगरी आफ्नो व्यक्तिगत स्वार्थका निमित्त गृहकलह रडाको चलाइरहेका थिए, प्रद्युम्न शाहसँग रीस फेर्नाका निमित्त गढवाल दखल गरेका थिए तापनि त्यस काममा राष्ट्रका सङ्कल्पको विचार राखेका थिएनन् । परन्तु हस्तदल शाह र अमरसिंह थापा (बडा)ले त्यस सङ्कल्पलाई भुलेका थिएनन् । कर्मप्रकाश र महाचन्दको निमन्त्रणा आउनेबित्तिकै पश्चिमतिर राज्य बढाउने असल मौका आएको देखेर मञ्जूरीका निमित्त रणबहादुर शाहलाई विन्तिपत्र लेखे । आफ्नो आधिपत्य बढ्ने देखेर यिनले मञ्जूरी पनि दिए (ई. सं. १८०५ का आरम्भमा) ।[११] श्रीनगरबाट एक हजार गोरखाली सैनिक लिई भक्ति थापा गए । सिरमौर र कहलूरका सैनिक पनि यिनसँग मिले । संसारचन्दले बाह्रठकुराइको तैनाथ दिलाउने कबोल गरी हण्डूरका राजा रामशरणसिंहलाई आफ्ना पक्षमा मिलाए । नगरकोटी सैन्य लिएर संसारचन्दका भाइ फतयचन्द सतलजवार आए । लडाइँमा मित्र-हरूको हार भई भक्ति थापा श्रीनगरमा फिरे । संसारचन्दले कर्मप्रकाशका काकाका छोरा कृष्णसिंहलाई हात लिएका थिए । कर्मप्रकाश नाहनमा आइनपुग्दै कृष्णसिंहले आफ्ना बालक छोरा रत्नप्रकाशलाई सिरमौरका राजा गराए । कर्मप्रकाश भागेर श्रीनगरमा गोरखाली भारादारछेउ मिल्न आए । यस समयमा हर्षदेव जोशी र पराक्रम शाह काँगडामा रहेका थिए । यिनीहरूसमेत कुमाउ र गढवाल फिर्ता लिनालाई जमजमाएका हुनाले ठूला तयारीका साथ काँगडामा आक्रमण गर्न आवश्यक पर्‍यो ।

---

१०. वि. सं. १८४२ मा ।   ११. वि. सं. १८६१ को हिउँदमा ।

८। यस समयमा आफ्ना बन्धुहरूको बडो निष्ठुरतासँग दमन गर्नामा रणबहादुर शाह लागेका थिए । आफ्नो सन्तान-सिवाय राजसिंहासनका हकवाला भैयादहरू नबचून् भन्ने यिनको मुराद थियो । गीर्वाणयुद्धविक्रम शाहको अभिषेक हुनुभन्दा पहिले नै दलमर्दन शाह गुज्रिसकेका हुनाले तिनका कुमार छोरा कुलचन्द्र शाहका आँखामा पारो हाली त्यस उत्तरमा अन्धा तुल्याइदिएका थिए । त्यस समयमा पहलमान शाह पनि परलोक भइसकेका हुनाले यिनका कुमार छोरा भीमरुद्र शाह र भीमप्रताप शाहहरू आफ्ना काका श्रीकृष्ण शाहका साथ रहेका हुनाले आँखा बचाइरहेका थिए । ई. सं. १८०५ का मार्चमा[१२] रणबहादुर शाहले मनगढन्त अपराध लगाई ती कुमारलाई र श्रीकृष्ण शाहका छोरा वीरभद्र शाहलाई समेत अन्धा गराएर राजभवनका जेलखानामा थुनी यिनीहरूका सजिया घरखेत भीमसेन थापालाई बक्स दिए, एक महीनापछि कुलचन्द्र शाहलाई पनि राजभवनका जेलखानामा राखी यिनको घर–खेत रङ्गनाथ पण्डितज्यूलाई दिए । यसै अवस्थामा संसारचन्दको दबदबा सिरमौरसम्म आइपुगेको खबर आउँदा रण-बहादुर शाह, भीमसेन थापा र रङ्गनाथ पण्डितज्यूसमेतले पसिना काढे । रणबहादुर शाहका बेहद खर्चले गर्दा राज-कोश रित्तिएको हुनाले अघिका राजाहरूबाट दान पाएर वृत्ति खाइरहेका ब्राह्मणका बिर्ता र देवताहरूका गुठी हरण गरी त्यो जग्गा खानगी दिएर सैनिक बढाउँदै गए । रणबहादुर शाहका खास चाकरीवाला ब्राह्मणका बिर्ता बचे । पाहाडखण्डमा रहेर विद्या र सदाचारको प्रचार गरिरहेका ब्राह्मणहरूका बिर्ता जति भुसुक्क भए ।

नयाँ सैनिक भर्ना गर्न शुरू भएपछि दिसम्बरका शुरूमा[१३] काजी नयनसिंह थापा र काजी जसपाउ थापाहरूका साथ २ हजार जति सैनिक काँगडायुद्धका निमित्त काठमाडौँबाट रमाना भए । यिनीहरू हिँडेको खबर पुग्नेबित्तिकै श्रीनगरबाट ४ हजार जति सैनिक लिएर हस्तदल शाह र अमरसिंह थापाहरू नाहनमा गई कृष्णसिंह र नयाँ राजा रत्नप्रकाशलाई भगाई कर्मप्रकाशलाई राजसिंहासनमा राखी सगुता राजा बनाए । यिनलाई समेत लिएर क्यूँठलमा मुकाम गर्दा कहलूरका राजा महाचन्द र क्यूँठल, बघाट आदि बाह्रठकुराइका राजाहरूसमेत हाजिर भई नेपाल राज्यका सगुता बने (फरवरी १८०६) ।[१४] यहीँ नयनसिंह थापा पनि सामेल भएर सर्दार इन्द्रसिंह थापाका साथ चार कम्पनी सैनिक पठाई हण्डूर दखल गरे । त्यहाँका राजा रामशरणसिंहले तराईको आश्रय लिइसकेका हुनाले इन्द्रसिंह थापाले लडाइँ नगरी त्यहाँको राजधानी नालागढ दखल गरेर बसे । बिना लडाइँले सतलजसम्म अधिकार भएपछि नयनसिंह थापाले कहलूरको बाटो गरी दुइ घाटबाट डुङ्गामा गोरखाली सैन्य सतलजपार तारी काँगडा-राज्य भित्र पसेर बाहुटिप्पा* भन्ने ठाउँमा छाउनी बारेर बसे । त्यहाँबाट नौ माइल[१५] फरकमा महालमोरी भन्ने

* यो नाम एक वंशावलीबाट लिइएको हो; शायद उच्चारणमा केही फरक भएको होला ।

ठाउँमा संसारचन्दले १० हजार जति सैनिक तयार राखेका थिए। अप्रिलका आरम्भमा[१६] नयनसिंह थापाले आक्रमण गरिदिँदा एक हजार जति सैनिकका साथ तिनका भाइ निगाहिचन्द खेत रहे। गोरखाली सैनिकमा एक सयभन्दा कम हताहत भए। गोरखालीको रणकौशल र आफ्ना सेनापतिको मरण भएको देखी संसारचन्द भागे। महालमोरीबाट गई नयनसिंह थापाले सुजानपुर र नदाउँ दखल गर्दा संसारचन्द हटेर काँगडाका किल्लाभित्र पसे।

---

१२. चैत्रमा । १३. वि. सं. १८६२ को मार्गका तेस्रा हप्तातिर । १४. फाल्गुन ।
१५. चार कोस । १६. वि. सं. १८६२ को चैत्र निगल्दो ।

९। संसारचन्दका नगरकोटी सैनिक कम लडाका थिएनन्। तर पराक्रम शाह र हर्षदेव जोशीको सल्लाहमा लागेर नगरकोटीहरूलाई मात्र नपत्याई रुहेला मुसलमानहरूलाई पनि झिकाएर ज्यालादारी सैनिकं भर्ना गरेका हुनाले पहिले यिनै ज्यालादारी सैनिक भाग्दा संसारचन्दले हार खाई किल्लाको शरण लिनुपरेको थियो। नदाउँ दखल गरेपछि गोरखाली सैनिक काँगडाका किल्लाका वरिपरि छरिएर बसे। नदाउँमा मण्डीका राजा ईश्वरी सेनलाई संसारचन्दले कैद गरिराखेका थिए। नयनसिंह थापाले यिनलाई छोडी मण्डी फिर्ता दिएर सगुता राजा बनाए। नदाउँबाट गोरखाली सैनिकको एक भाग लिएर व्यासा नदी पार भई नयनसिंह थापा र अमरसिंह थापा (बडा) ज्वालाजीमा पुगेर छाउनी जमाए। यहीँ कर्मप्रकाशका ससुरा गुलेराका राजा भूपसिंह अगुवा भई चम्बा, सुकेत, जसवन आदि दश रियासतका राजाहरू आई संसारचन्दका बन्धनबाट छुटेर नेपाल राज्यको सगुता बने।

# टिप्पनको पुस्तक

– महेशराज पन्त

वि. सं. १७७९ देखि १८६३ सम्म जन्मेका गोरखाली राजा, राजकुमार, भाइभारादार, गण्यमान्य अरू मानिस र गोरखाली दरबारसँग सम्बन्ध भएका अरू केही मानिसको[१] पनि टिप्पन लेखिएको एउटा लेखोट पुस्तकको माइक्रोफिल्म नेपाल राष्ट्रिय अभिलेखालयमा ई ११४८ / २ मा छ। त्रियासी जनाको टिप्पन भएको यस पुस्तकमा २३ जनाको मरणसमय पनि दिइएको छ। त्यस्तै केही विशिष्ट मानिसहरूको जिन्दगीमा घटेका केही विशिष्ट घटनाको समय पनि यहाँ दिइएको छ। मरणसमय केहीको जन्मसमयसँगै र केहीको पछि लेखिएको कुरा लेखोट हेर्दा स्पष्ट छुट्टिन्छ। यताबाट यस पुस्तकमा दिइएका टिप्पनमध्ये सबै तत्काल लेखिएका नभई केही पछि सङ्ग्रह गरिएका रहेछन् भन्ने देखिन गएको छ। मूल पुस्तकमा कालक्रम मिलाई टिप्पन लेखिएको छैन अर्थात् अघि जन्मेकाको पछि र पछि जन्मेकाको टिप्पन अघि पनि परेका छन्। कहीँ कहीँ एउटै घटना पनि शब्दान्तरमा दुइ तीन ठाउँमा पर्न गएको छ।

देवनागरी लिपिमा लेखिएको यस टिप्पनको पुस्तकमा एक दुइ ठाउँमा नेवारी अङ्क[२] पर्न गएकाले यो पुस्तक नेवारले लेखेको देखिन गएको छ। धनपति बाँडा र तवढिक फछि जस्ताको टिप्पनमा अरूहरूको टिप्पनमा जस्तो शकसंवत् ( वा कहीँ कहीँ विक्रमसंवत् ) नलेखी नेपालसंवत् लेखिएकोले[३] नेपालसंवत् कुन वर्गमा चलेको थियो भन्ने प्रश्नमा यस पुस्तकबाट पनि प्रकाश पर्न गएको छ।

---

१. अपवादको रूपमा कस्केली राजा सिद्धिनारायण शाहको, तनहुँका राजा हरकुमारदत्त सेनको र उनका भाइहरूको र केही नेवारहरूको टिप्पन पनि यहाँ परेको छ।

२. वि. सं. १८३९ मा जन्मेकी नवीनमैथिलीको टिप्पनको टिप्पणी।

३. वि. सं. १७८८ मा जन्मेका धनपति बाँडाको र वि. सं. १७९६ मा जन्मेका तवढिक फछिको टिप्पन आदि।

टिप्पनको यो पुस्तक तयार गर्ने ज्योतिषीले तात्कालिक प्रसिद्ध ज्योतिषी, ग्रन्थकार चक्रपाणि अर्ज्याललाई आफ्ना गुरु माने पनि[४] चक्रपाणिमा भएको विद्याको थोरै अंश पनि यिनमा नभएको कुरा यस पुस्तकमा महाराज्ञः[५] मातायाः[६] जस्ता पद परेकाले स्पष्ट हुन्छ ।

इतिहास लेख्न यस्ता टिप्पन काम लाग्ने भएकाले यस पुस्तकलाई प्रकाश गर्नु उपयुक्त ठहऱ्याई वि. सं. २०३७ मा मैले यो पुस्तक सारेको थिएँ । यसै बीच मैले सारिलिएको प्रतिबाट भाइ दिनेशराज पन्तले आफ्नो *गोरखाको इतिहास*मा यस पुस्तकको उपयोग पनि गरे ।[७]

मूल पुस्तकमा कुण्डली र अरू गणित पनि हरेकजसा टिप्पनमा दिइएका छन् । अहिलेलाई सोझो इतिहासमा उपयोग हुने गरी कालक्रम मिलाई कुण्डली आदि झिकी जन्म मरण आदिका वाक्य मात्र हाली यस पुस्तकको सम्पादन गरी मैले यहाँ प्रकाश गरेको छु । खोज्न सजिलो होस् भनी जसको टिप्पन हो, त्यसको नाउँ र जन्मवर्ष (भएको जतिमा मरणवर्ष पनि) आफ्नो तर्फबाट हाली सम्पादन गरिएको छ । तर कहीँ कहीँ कसको टिप्पन हो, त्यो राम्ररी नबुझिएकोले टिप्पन लेख्नेले जसरी परिचय दिएका छन्, त्यही परिचय को गाँटसाइ गरिएको छ ।

## पृथ्वीनारायण शाह

**जन्म– वि. सं. १७७९ मृत्यु– वि. सं. १८३१**

**श १६४४ पौषी अमावास्यापरप्रतिपदा उत्तराषाढाभुक्तघ ३२।३८ गुरुवारे रात्रिगतघटि ७।५२ श्री ५ पृथ्वीनारायणमहाराज्ञः जन्मपत्रमिदम्**

**मरण शक १६९६ पौषशुक्ल १० उषःकाले**

---

४. वि. सं. १७९० मा जन्मेका चक्रपाणि अर्ज्यालको टिप्पन ।

वि. सं १८०० मा जन्मेकी, चक्रपाणि अर्ज्यालको पत्नीको टिप्पन ।

५. वि. सं. १७७९ मा जन्मेका पृथ्वीनारायण शाहको टिप्पन ।

६. वि. सं. १८०० मा जन्मेकी, चक्रपाणि अर्ज्यालको पत्नीको टिप्पन ।

७. वि. सं. २०४१ मा काठमाडौँबाट दिनेशराज पन्तद्वारा प्रकाशित, उनको *गोरखाको इतिहास*का २९५–२९७ पृष्ठ ।

## शक्तिवल्लभ अर्ज्याल

जन्म– वि. सं. १७८१ मृत्यु– वि. सं. १८६३

श १६४६ वैशा. शु १३ घ १०।१३ चि ३१।६ पर स्वातिभुक्तघ ०।३ सिधिपरव्यतीपात शनौ उ प्र घ ३११९ वैशाखस्य दिगत २८ श्रीशक्तिवल्लभपंडितः

श १७२८ चै कृ २ भौमे रात्रि २५ मृत

## खरिदार बालकृष्ण

जन्म– वि. सं. १७८२

शक १६४७ वैशादिनगता १३ शनिवारे अष्टमीघटि ४० अश्लेषाघटि १७।५७ गंडयोगे घटि २५।२२ उ प्र घटि ४।० श्रीबालकृष्णखरिदारस्य

## दलमर्दन शाह

जन्म– वि. सं. १७८७

श्रीशक १६५२ ज्ये. कृ चतुर्दशी भरणीगत घ ४२।० सौभाग्य सोमे उ प्र घटि १०।४ श्री ५ दलमर्द्दनसाहस्य

## विष्णुशङ्कर

जन्म– वि. सं. १७८८

श १६५३ वैशा. वदि १४ सोमरात्रौ रात्रिशेषघटि ६।३० उ प्र घ ५८।६ दिन ३२।१२ अनुराधाभुक्तघ ६।२ सं प्र २६।१८ विष्णुशंकरस्य

## धनपति बाँडा

जन्म– वि. सं. १७८८

नेपालसंवत् ८५२ कार्त्तिककृष्ण ७ अश्ले घ ४९ भौमे संप्रघ २१।१८ कुंभांशके धनपति बाढा

## दलजित् शाह

जन्म– वि. सं. १७९० मृत्यु– वि. सं. १८४६

श १६५५ फाल्गुणव ४ घ ५७।५२ ह १८।४९ पर चित्राभु. ३१।१६ गंडयोगघ ४९ रवौ सं प्र घ २४।१२ फाल्गुणस्य दिनगत १४ श्रीदलजित्साहस्य

श १७११ का. शु ६ शनौ घटि २१ मृतः

## चक्रपाणि अर्ज्याल

जन्म– वि. सं. १७९०

श १६५५ मासे १२ ति ७ घटि ५८।१५ वारे ६ ऋक्षे १९ घ ६०।० योगे १७ घ ९ चैत्र-*स्य दिनगता* १७ शनिरात्रौ रात्रिगतघटि १२।४४ श्रां ६ गुरोः

## कस्केली राजा सिद्धिनारायण शाह

जन्म– वि. सं. १७९१ मृत्यु– वि. सं. १८४७

श १६५६ भाद्रपकृ. चतुर्दशोभुक्त घ ११ अश्लेषाभुक्तघ २१।३८ परिघघ ३५ भृगुवासरे उदयाद् गतघटि ०।२५ श्री ५ सिद्धिनारायण जातः

श १७१२ ज्ये. ६ मृत

## कालु खँड्का

जन्म– वि. सं. १७९१ मृत्यु– वि. सं. १८४७

श १६५६ कार्त्तिशुक्लप्रतिपदागत घ २३।२५ स्वातीगत घ ५१।५० आयुष्मा ४२ बुधे उ प्र घ ५।१४ कालुकपर्दारस्य

श १७१२ आश्वि. शु ६ बुधे रात्रौ घ मृतः

## कोठीवाल दुबे

जन्म– वि. सं. १७९३

सं १७९३ श १६५८ वैशा. कृ १४ घ ५१।३२ बुधे अश्विनीघ २९।४६ आयुष्माघ १७।३० उ प्र घ २३।३० कोठिवाल दुबे

## हरिकृष्ण पाठक

जन्म– वि. सं. १७९३

शाक १६५८ मार्गकृष्ण १४ घ ३६।१५ विशाखाघटि १६।१९ अतिगंड ४।४७ मार्गस्य दिनगता २० शनौ उ प्र घ हरिकृष्णपाठकस्य

## शूरप्रताप शाह

जन्म– वि. सं. १७९५ मृत्यु– वि. सं. १८३०

श्रीश १६६० चै. शु. दशमोपर एकादशी अश्लेषाभुक्त घ १७।५८ धृति उप्र घटि ५८।४०
जन्मः श्री ५ शूरप्रतापस्य ।
वर्ष २७।४ काण
स १८३० फा. कृ. ३ बाणेन मृत्यु

## तवढिक फछि

जन्म वि. सं. १७९६

नेपालसंवत् ८६० मार्ग. वदि ५ मघाभुक्तघटि १६।४५ विष्कंभयोग रवौ उ प्र घटि ११।१९ तवढिक फछि

## चक्रपाणि अर्ज्यालकी पत्नी

जन्म– वि. सं.१८००

श्रीगुरुमाताको शक १६६५ फाल्गुणशुक्लदशमीघ २१।२१ रोहिणीघ १४।२६ प्रीतिघ। फाल्गुगतदि १४ रोहिणीभोग ६१।४९ उ प्र घ १०।४५ सोमे मातायाः

## भिखवाल चौधरी

जन्म– वि. सं. १८०१

शक १६६६ अधिकआषाढक्र ३ पर ४ श्रवणपर घनिष्टाभुक्तघटि २३।१६ विष्कंभपर प्रीति रवौ उ प्र घ ३९।३२ भिखवाल चौधरि

## अभिमानसिंह बस्नेत

जन्म– वि. सं १८०१ मृत्यु– वि. सं. १८५७

शक १६६६ फाल्गुणस्य दिनगता ७ पुनर्वसुघ ६।२६ पर तिष्यगतघटि ८।५६ माघशुक्ल-त्रयोदशीघटि ४५।१२ आयुष्मान्घ १० रवौ उ प्र घटि १६।० अभिमानसिंहस्य

श १७२२ सु २।१२ आषाढशुक्ल २ भौमे उ प्र घ ७ मृतः अभिमानसिंहः

## अग्निहोत्री बलभद्र कनौजिया

जन्म– वि. सं. १८०२

श १६६७ आश्वि. कृ ७ शनौ मृग ४८। १७ उ प्र घ ६।४ अग्निहोत्री बलभद्र कनौजिया

## धौकलसिंह बस्नेत

जन्म– वि. सं. १८०४ मृत्यु– वि. सं. १८५८

श १६६९ मासे १ संवत् १८०४ वैशाख १ घ १।४२ द्वितीया जन्म विशाखाघ २५।३५ अनुराधाभुक्तघ २।३८ व्यतीपातघ १४।१८ पर वरियान वैशाखस्य दिनगता १७ शेषदि १४ उ प्र घ २८।१३ श्रीढौकलसिंहस्य

शक १७२३ माघकृष्णद्वितीयाघ ६० तिघ ३६।३६ बुधे ढौकलसिंह मृतः

श १६६९ मासे १ वैशाबदि १ घ १।४२ परद्वितीया विशाखापरअनुराधाभुक्त २।३८ व्यतीपातपरवरियान वैशाखस्य दिनगता १७ शेषदि १४ उ प्र घ २८ शेष ३।१९ श्रीढौकलसिंहस्य जन्म

## प्रतापसिंह शाह

जन्म– वि. सं १८०६ मृत्यु– वि. सं. १८३४

श १६७१ ज्ये. कृ १२ घ ३९।४ रेवतीघटि ५१।५८ प्रीतिघ २६ भौमे उप्रघटि ७।० अटकल सौरेण दि ४ श्री ५ प्रतापसिंहमहाराज्ञः जन्मः

मरण शक १६९९ मार्ग. कृ २ सोमे उषःकाल

## कीर्तिसिंह सुब्बा

जन्म– वि. सं. १८०६

श्रीशक १६७१ सं १८०६ माघस्य दिनगता १२ शनि रात्रौ गतघटि २१।१८ विशाखाभुक्तघटि ४४।१३ कृष्ण अष्टमी । कीर्त्तिसिंह सुब्बा

## दामोदर पाँडे

जन्म– वि. सं १८०८ मृत्यु– वि. सं. १८६०

शक १६७३ वैशाखे रेवती दामोदरपांडे

श १७२५ अधिकचैशु २ भौमे मृतः खड्गेन वर्ष ५२ मा १२ मृत्यु

## हरिलाल पण्डित

जन्म– वि. सं. १८०८

शके १६७३ श्रावणशुक्ल ५ घ ३५।५३ वारे ३ ऋक्षे १२ घ१७।२ योगे २० घ ३०।१३ उ प्र घटि २७।५ जन्मः श्री ३ हरिलालपंडितस्य

## सरूपसिंह कार्की

जन्म– वि. सं. १८०८

श १६७३ मासे ८ तिथौ स्वातीभुक्तघटि ४१।५१ मार्गकृष्ण १४ भौमे उ प्र घ २३।३ मम मनसि घटि १५ लग्न कुंभ सरूपकाजी

## दक्षिणी वकील

जन्म– वि. सं. १८०८

सं १८०८ श १६७३ चैत्रशुः १२ घ ३३।२२ बुधे उ. फा. घ ५१ प २५ उ प्र घ २ २५ समये दक्षिणि उकीलस्य

## प्रतापसिंहकी जेठी छोरी

जन्म वि. सं. १८१० मृत्यु– वि सं. १८३४

श १६७५ आश्वि. दशमीगत २०।२५ श्रवणगत २१।५५ धृति शनौ उ प्र घटि १५।११ प्रतापसिंहज्येष्ठपुत्री
वर्ष २४ मा ५ मृता

## वृजनाथ पौडेल

जन्म– वि. सं. १८१०

श १६७५ मा १२ शु १२ वारे ५ ऋक्ष ११ उ प्र घ १८।२८ श्री ३ वृजनाथपंडितस्य

## पहलमान शाह

जन्म– वि. सं. १८११ मृत्यु– ?

श १६७६ भाद्रपदकृष्ण १० कृत्तिका घ ३।१ पररोहिणीभुक्त घटि वृद्धिपर ९ ध्रुव सोम-

रात्रौ गत घ १७।४६ जं श्री ५ महोद्दामकीर्त्तिसाहस्य ज्येष्टपुत्र जातः

शक १६७६ भाद्रपदकृष्णनवमीघ ३७।५ कृत्तिकाघ ३।१ पर रोहिणीभुक्तघटी ४५।४४ वृद्धिघ ९ परध्रुवयोग सोमवासरे रात्रौ गतघटि १७।४६ जन्मः श्रीज्येठा चौत्तरा बर्ष ३८।५।२४ या ज्येष्टपुत्रस्य

फा. शु ६ शनौ मृतः उ प्र १५।१६

## इन्द्रवीरसिंह बस्न्यात

जन्म– वि. सं. १८१४

शक १६७९ वैशाखकृष्ण १२ पर त्रयोदशी अश्विनीगतघटि १५।८ त्रयोदशीगतघटि २३। ३५ आयुष्मानघ ३४।४० रविवासरे उदयाद्गतघटि २६।१४ इंद्रवीरस्य

## बहादुर शाह

जन्म– वि. सं. १८१४ मृत्यु– वि. सं. १८५४

शक १६७९ संवत् १८१४ आषाकृष्णअमावास्या मृगशिराभुक्तघ २९।३२ वृषराशेः भोगघटि ०।२८ अटकल । गंडयोग ५१ गुरौ उ प्र १२।२० अटकलं आषाढदिनगता ६ श्री ३ बहादूरसाह

वर्ष ३५।२ महत्कष्टं चिनिया प्राप्त

श १७१९ आषाढी अमा उ प्र घ २ मृता ३९

## वैयाकरणकेसरी अर्ज्याल

जन्म– वि. सं. १८१४ मृत्यु– वि. सं. १८४२

वैय्याकरण शक १६७९ कार्त्तिकशुक्ल ४ उपरपंचमी पूर्वानक्षत्र मंगलवार रात्रिगतघटी १७।०

श. १७०७ मार्गशु ९ शनौ रात्रिगतघ २० मृतः

## तनहुँका राजा हरदत्तकुमार सेन

जन्म– वि. सं १८१५

श १६८० मासे ७ तिथौ २ घ ११३२ ज्येष्टाभुक्तघ २७।१० भृगौ सं प्र घ १३।३३ श्री ५ हरदत्तकुमारसेनस्य जन्मः

## प्रतापसिंहकी माहिली छोरी

जन्म– वि. सं. १८१५

-संवत् नेपाल ८७९ मार्गकृष्णतृतीयाघ ३८।५५ परचतुर्थी पुषभुक्तघ ४४।५७ ऐंद्रपर– वैधृति रवि रात्रिगतघटि १९।१५ प्रतापसिंहमध्यपुत्री

## बलभद्र शाह

जन्म– वि. सं. १८१६ मृत्यु– वि. सं. १८५८

श १६८१ फा. शु. ६ घ १९।१८ पर सप्तमी उ. षा. भुघ २८।२३ धृति ५५ शनौ सं प्र घ २७।३० श्रीमहोद्दामकीर्त्तिसाहस्य पु २ श्रीबलभद्रसाहजन्म

श १७२३ फा. कृ १० घ ४० म. घ २ श्रीबलभद्रसाह मृतः

## न्यायकेसरी अर्ज्याल

जन्म– वि. सं. १८१७

शाके १६८२ श्रावणकृष्णषष्टीघ २९।३६ पूर्वाघटि २४।३६ पर उत्त. भुक्तघ ४।५६ सौभाग्यघ १५ शोभनंयोगे भृगुवारे उ प्र घ ३०।११ ।। श्रीन्यायकेशरीशर्म्मः

## बाकावीरसिंह बस्न्यात

जन्म– वि. सं. १८१८

शक १६८३ मासे ५ तिथौ १३ वारे ७ नक्षत्रे ३३ शुक्लपक्षे त्रयोदशी घ १७ परचतुर्दशी धनिष्टाघटि ३४ पर शतभिषा भाद्रपदस्य दिनगता ३१ शनि रात्रौ गतघटि ४।१४ वाकावीरस्य

## राजेश्वर सेन

जन्म– वि. सं. १८१८

शक १६८३ मासे १२ तिथौ १२ घ २६।१६ जन्मसमये १३ शतभिषाभुक्तघ ०।४८ योगे २२ घ ५२।३९ सोमे सं प्र घ १।१६ श्री ५ हरदत्तकुमारस्य भ्राता जातः साहिला

## प्रतापसिंहकी कान्छी छोरी

जन्म– वि. सं. १८२०

नेपालसंवत् ८८३ नष्टज्ये. शु. १४ विशाखागत ५१।४१ शिव. गुरौ उ प्र घ १।१६ प्रतापसिंहस्य अनिष्टपुत्री

## जहरसिंह बस्न्यात

जन्म– वि. सं. १८२१

शक १६८६;आश्वि. वदि ६ परसप्तमी भुक्तघटि १२।३३ कृत्तिकापररोहिणीभुक्तत्र घि ४३।३ वज्रघटि ४१ रविवारे रात्रौ गतघटि २५।४५ जहरसिंहस्य

## जानकीदत्त सेन

जन्म– वि. सं. १८२३

श १६८८ मासे ६ ति १० घ ३८।४७ पुष्यभुक्त घ ४४।५८ योगे २० घ २४।१६ रवौ सं प्र घटि ७।३५९ श्रीहरदत्तकुमारस्य कनिष्टभ्राता कांछो

## श्रीकृष्ण शाह

जन्म– वि. सं. १८२३ मृत्यु– वि. सं. १८६०

श १६८८ फाल्गुणवदि १२ उत्तषाभुक्तघ २३।२८ बुधे उ प्र घ १२।१ समये श्री ५ महोद्दामकीर्त्तिसाहस्य कनिष्ठपुत्रश्रीकृष्णसाह जात

श १७२५ भाद्रकृ १३ सोमे मृत:

श १७२३ आश्विकृ ८ घ २१।४२ बुधे सं प्र घ १० गलहत्ता दत्तः श्रीकृष्णसाहकन

## कीर्तिमानसिंह बस्न्यात

जन्म– वि. सं. १८२४ मृत्यु– वि. सं. १८५८

श १६८९ ज्येष्टशुक्लद्वितीयाभुक्तघटि २८।३६ मृगशिराभुक्तघ ५२।५६ शूलयोगे घटि ४७ भृगौ उदयाद्गतघ १४।३ कीर्तिमानस्य जनि

श १७२३ आश्विकृ ६ घ १३।१० सोमे संप्र घ ६ मृतः

## विष्णुशङ्करका छोरा

जन्म– वि. सं. १८२४

शक १६८९ भाद्रवशुक्लद्वितीया उत्त. फा. भुक्तघ २१।५८ सिद्धियोग बुधे उदयाद्गत-घटि ८।११ विष्णुशंकरपुत्रः

## दैवज्ञकेसरी अर्ज्याल

जन्म– वि. सं. १८२५

श १६९० अधिकश्रावणकृष्णद्वादशीघ ३६।१ आर्द्राघ ३२।३२ तस्यैं भुक्तघ ४८।५६ वज्रयोगघ ४६ भौमे उदयाद्गतघ २१।५ श्रींदैवज्ञकेशरीजन्मः ।

## सन्तोष

जन्म–वि. सं. १८२६

शक १६९१ फाल्गुणवदि १२ पूर्वाषाढाध ३३ परउत्तराषा घ २१।५१ व्यतीपातथ जातः बुधे उ प्र घ ५७।२४ संतोषस्य

## बखतावरसिंह बस्न्यात

जन्म– वि. सं. १८२८

श १६९३ श्राव. कृ. एकादशी ०।२९ पर द्वदशशो मृगशिराभुक्तघटि ५९।४१ हर्षणयोग बुधे उदयाद्‌गतघ ५।५ बखतावरसिंहस्य

## दलजित् शाहका छोरा

जन्म– वि. सं. १८३०

श १६९५ माघशुक्ल ६ पर सप्तमीरेवतीभुक्तघ २२।३० शिवयोगे भौमे उ प्र घटि १५। ५५ समये श्री ५ दलजितसाहपुत्रः जन्म

## विदुर शाह

जन्म– वि. सं. १८३१ मृत्यु– वि. सं.१८६३

संवत् १८३१ ज्ये. व. २ ज्येष्टाभुक्तघ १२।४९ सिद्धियोगे गुरौ उ प्र घ ६।५० श्री ५ प्रतापसिंहमहाराज्ञः पुत्र बाजुस्य

श १७२८ वैखशु ६ घटि २८।४० सं प्र घटि १० शस्त्रेण मृतः

## विष्णुशङ्कर

जन्म– वि. सं. १८३२

श १६९७ आषाः कृः दशमी अश्विनीभुघ ३८।५० अतिगंड गुरौ सं प्र घ ७।५२ विष्णु.
शंकर घ ७।३६ रमयो

## रणबहादुर शाह

जन्म–वि. सं. १८३२ मृत्यु– वि. सं. १८६३

शक १६९७ आषाढकृष्ण दशमीघ ५१।५ अश्विनीभुक्तघ ३९। २४ अतिगंड गुरौ सं प्र घ
८।३९ वार ५

श १७२२ ज्येष्टे काशी गत

श १७२८ वंशाशु ६ घ २८।४० रात्रिघटि ६ शस्त्रेण मृतः

## धौकलसिंह बस्न्यातका जेठा छोरा

जन्म– वि. सं. १८३२

श १६९७ माघशु १५ घ ३० अश्लेषाघ ५५।४३ सौभाग्यघ ४५।५१ रवौ उ प्र घ ८।२८
ढोकलपुत्र १

## श्रीवल्लभका जेठा छोरा

जन्म– वि. सं. १८३२

शाक १६९७ माघमासे दिन २ भृगुवासरे सप्तमी हस्त अतिगंड सौरे माघदिन २ उदयाद्-
गतघटि २३।१ श्रीवल्लभज्येष्टपुत्र

## प्रतापसिंह शाहको छोरी बबुरी

जन्म– वि. सं. १८३३

शक १६९८ ज्येष्टकृष्ण ८ परनवमी धनिष्ठापरशतभिषाभुक्तघटि ३७।३१ ऐंद्रयोग
सं प्र घटि २१।३२ श्री ५ प्रतापसिंहमहाराजः पुत्री बबुर्या

## कान्तवती

जन्म वि. सं. १८३३

श्रीकांछि नानि[1] स १८(३)३ शक १६९८ पौषशुक्लषष्ठीघ १०।१२ परसप्तमी उत्त. भा. घ ८।२८ पररेवतीभुक्तघ ५२।२८ शिवयोगघ २७।४० परसिद्धि बुधवासरे सं प्र घटि ३१।६ जन्मः ॥

## सुवर्णप्रभा

जन्म– वि. सं. १८३४

श्री ज्येठिनानिको[2]
श १६९९ वैशाखकृष्ण २ घ ५७ विशाखाघ ३०।४० व्यतीपातयोगे घ २६।२२ गुरुवासरे उदयाद्गतघ १।३७ भुक्तघ ३२।२९

## शेरबहादुर शाह

जन्म– वि. सं. १८३४ मृत्यु– वि. सं. १८६३

श १६९९ पौ. शु. एकादशी घ २१।८ परद्वादशी कृत्तिकाघ १७।१० पररोहिणीभुक्तघटि ९।२१ शुभयोगे उ प्र घ २५ ।५३ भृगौ श्रीप्रतापसिंहमहाराज्ञः पुत्र ५ बाजु
श १७२८ वै. शु ६ घ . २८।४० गुरौ सं प्र घटि शस्त्रेण मृतः

## लक्ष्मीसिंहको छोरी

जन्म– वि. सं. १८३८

सं ९०२ माघशुक्ल १४ परपूर्णिमा पुनर्वसुघ ४ पर पुष्य प्रीतियोगे सोमवार उ. प घटि २६।२१ प्रतापसिंहपौत्री लक्ष्मीसिंहस्य पुत्री

---

१. मित्र्याणि काटेर नानि लेखेको ।
२. मित्र्या काटेर नानि लेखेको ।

स ९०२ माघ. शु १४ घ २१ परपूर्णिमा पुनर्वसुघ ८ पर पुष्यघ प्रतिघ ३१ सोमे उ प्र घ २६।२१ कर्कटलग्ने मकरांशके श्रीप्रतापसिंहकनिष्ठपुत्या पुत्री प्रथम जातः

## नवीनमैथिली

जन्म– वि. सं. १८३९

सक १७०४[3] नष्ठजेष्ठशुक्ल १० घटी ३० वि १३ परएकादशी उत्तलफार्गुणीघटी २६ वि ५ पर हस्तानक्षत्रे ।। तस्यैव भुक्तघटी १५[4] वि २३।। वर्जघटी २२ परशुद्धियोगे ।। वुधवासरे ।।संप्रघटि ७ वि ११ नवीनमैथिली

## अभिमानसिंह बस्न्यातका जेठा छोरा

जन्म– वि. सं. १८३९

श १७०४ मार्गव १० पर ११ ह ३९।२५ तस्यैव भुक्तघटि ५०।५१ साध्ययोग शनौ सं प्र घटि ४।२९ अभिमानसिंहपुत्रः १

## राजराजेश्वरी

जन्म– वि. सं. १८३९

श्रीरणबहादूर पट्टराणी ।। श १७०४ माघकृष्ण २ घ अश्लेषाभुक्त ४३।५३ उ प्र घ ०।११ सोमे

श १७०४ माघकृष्ण घ पुष्यघ परअश्लेषा तस्यव भुक्तघटि ३७।४४ रवौ सं प्र घटि २७।४६ पुनर्पट्टमहाराज्ञी

श १७०४ माघकृष्ण २ अश्लेषा श्रीमहारानीजन्मोत्सव

---

३. ७ को अङ्क नेवारीमा ।
४. ५ को अङ्क नेवारीमा ।

## विष्णुमाया

जन्म– वि. सं. १८३९

शक १७०४ फाल्गु. कृष्ण १४ घ १८।४ धनिष्टाघ ७।१७ तस्यैव भुक्तघटि ५७।४ शिवघटि २।३० रवौ उ प्र घ ४।२१ विष्णुमाया

## प्रतापसिंहको कान्छी छोरीको माहिली छोरी

जन्म– वि. सं १८४१

संवत् ९०४ श्रा च २४।५७ पर १५ उषाभुक्तघ प्रीति ४२।३० शनौ शनौ उ प्र घ २९।५२ श्रीप्रतापसिंहपौत्री जात २

सं. ९०४ श्रावणशुक्ल १४ पर पूर्णमायां उत्त. षाढाघटि ४४ प्रीतिघ ३८ शनौ उ प्र. घटि २९।५२ लग्ने वृश्चिकनवांशे श्रीप्रतापसिंहस्य कनिष्ठपुत्र्या पुत्री द्वितीय जातः

## चन्द्रवदन

जन्म– वि. सं. १८४१

श १७०६ मासे ४ तिथौ ११ घटि १२।२५ वारे ३ नक्षत्रे ४ घ ६१।१२ योगे १० घ १३।३ करणे ४ राशौ २ लग्ने २ सौरे श्रावणस्य गतदिनानि २ भौमरात्रौ

श्रीचंद्रवदं मा उ प्र ९ समये जन्म अस्मि दिनं कृष्णपक्ष

## पहलवान शाहका जेठा छोरा

जन्म– वि. सं. १८४४

श्री ३ पहलवानसाहस्य ज्येष्टपुत्रः शक १७०९ श्रावणमासे शुक्लपक्षे नवमीघ २३।२ पर-दशमी ज्येष्टाघटि ४२।१९ पर मूल तस्यैव भुक्तघटि ७।९ वैधृति ३।६ पर विष्कंभ. बुध रात्रौ रात्रिगतघटि १८।५ समये जन्मः

## श्रीकृष्ण शाहका जेठा छोरा

जन्म– वि. सं. १८४७

श्रीकृष्णसाहपुत्रः शक १७१२ आश्विशुक्ल २ घटि ८ पर तृतीया । स्वातिभुक्तघ ७।१९ उ प्र घ १६।४९

श १७१२ आश्वि. शु २ घटि २।८ परतृतोया । स्वातीभुक्तघ ९।८ विशाखा उ प्र घटि १६।४९ श्रीकृष्णसाहस्य ज्येष्ठपुत्र

## कान्छी महारानी

जन्म– वि. सं. १८४७

श्रीगर्जसिहेनानोता. कांछि महाराणीका शक १७१२ फाल्गु. कृष्णपंचमीघटि २५।१७ स्वातिघटि ४९।१७ शक १७१२ तस्यैव भुक्तघटि २०।२१ वृद्धियोगघटि १७।३३ बुधे उ प्र घटि १२।३१ जन्मः फाल्गुणदिनगता १५

## मैथिली

जन्म– वि. सं. १८४८ मृत्यु– वि. सं. १८६१

शक १७१३ श्रावणशु ६ घ ४७।१३ हस्त घ २।६ परचित्राभु ३६।१ भृगौ सं प्र घ २।५२ साध्ययोगे घ ३५।१४ भृगुवासरे विवाहयोग्य मैथिली

श १७२६ आषाढव २ सोमे भु घ दिनगता २४ मृता

## पहलवान शाहका माहिला छोरा

जन्म– वि. सं. १८४८

पहलवानसाहपुत्र २ संवत् १८४८ शाक १७१३ मास ९ पक्ष कृष्ण तिथौ ४ घ ४८।१३पुण्यघ

३११९८ अश्लेषाभु ११।५० योगे ऐद्रघ २२।४० वैधृघ २२।२७ वार ४ रात्री घ १६।५७ बौ. ब. ५ बुधरात्रौ सौरे दिनगत २ अटकल

## दलमर्दन शाहका छोरा

जन्म– वि. सं. १८५१

श १७१६ मा ४ दि २८ गत. श्रा. शु. त्रयोघ २२।५४ पर १४ पू. षाघ ३।९ पर. उ. षा. घ ३।९ परभुक्तघ २५।५२ प्रीतिघ २१।५३ पर. आयु. शनौ उ प्र घ २८।३६ दलमर्द्दनपुत्रः

## रणोद्योत शाह

जन्म– वि. सं. १८५१

शाक १७१६ भाद्रवदि ३ घटि ११५६ पर चतुर्थि उत्तराभाद्रघटि ४५।८ धृतिघ ४३।१३ गुरुवासरे सं प्र घटि ५।१३ उत्तभाद्रभुक्तघटि ५२।६ नृपपुत्र जात १ बाजु

श्रीस्य पुत्र बाजु सौरेण भाद्रदि २ शाक १७१६ भाद्रंकृ तृतीयाघ १।५६ परचतुर्थी उ. भा ४११७ तस्यैव भुक्तघ ५२।१६ धृति गुरौ सं प्र घ ५।१३

## समरशेर शाह

जन्म– वि. सं. १८५२

द्वितीय बाजु शक १७१७ मार्गकृ द्वाद घटि ८।१९ परत्रयोदशी स्वातिघटि ११।१३ तस्यैव भुक्तघटि ५७।३५ अतिगं ३३ भौमे उ प्र घ ८।४५ जन्मः

## कान्तवतीकी जेठी छोरी

जन्म– वि. सं. १८५३

श १७१८ श्रावणशुक्ल ४ घ २।२१ परपंचमी हस्तघ ५४।८ तस्यैव भुक्तघ ४९।३८

सिद्धियोगघ १८।५२ रवौ सं प्र घ १०।४१ श्रावणस्य दिनगता २७ श्रीकांछिनानीपुत्री १ जात:

## श्रीकृष्ण शाहका माहिला छोरा

जन्म– वि. सं. १८५३

श १७१८ भाद्रप. कृ २ घ ३८।२पू. भा घ ४८।१६सु १७।५१ पूर्वा. भामु २७।० भाद्रपद. गत. दि ८ उदयाद्‌गतघ १४।३३ शनौ श्रीकृष्णसाहस्य द्वितीयपुत्र:

## दैवज्ञकेसरी अर्ज्यालका छोरा

जन्म– वि. सं. १८५४ मृत्यु– वि. सं. १८६१

श्रीदैवज्ञकेशरीपुत्र: शक १७१९ वैशाखकृष्ण: ४ घ २५।२४ ज्येष्ठा घ ५७।५६ वरियानघ ३१।४६ शनौ उ फघटि २४।४५ जन्म:

श १७२६ माघकृ १ बुधे अर्द्धरात्रे मृत:

## गीर्वाणयुद्धविक्रम शाह

जन्म– वि. सं. १८५४

।। श्रीकांछीनानिपुत्र: श १७१९ आश्विनशुक्ल ।११ घ ४३।१४ परद्वादशी श्रवणघटि १०।२१ पर धनिष्टाभुक्तघ ३१।४७ धृतिघ ३७।५२ पर शूल रवि रात्रौ गतघटि १५।५१ जन्म आश्विनस्य. तद्दिनानि १९

श १७२० फा. शु २ घ ४१ अनुपात उ. भा. घ १६।२६ गतघ ४३ भृगौ उ प्र घ १०।५८ राज्याभिषेक:

श १७२० फा. शु २ भृगु अभिषेक दिनघ १०।३ फाल्गुदि २८ उत्तराभाद्रघ १६।२६ रो २ ९।३० घ १०।५

## न्यायकेसरी अर्ज्यालकी छोरी

जन्म– वि. सं. १८५४

शक १७१९ का. कृ १ घटि ६० रेघ ३६।१६ व्याघ ३८।५७ भृगौ सं प्र घ २४।५
श्रीन्यायकेसरीपुत्री आश्वि. दिन २४

## न्यायकेसरी अर्ज्यालकी अर्को छोरी

जन्म– वि. सं. १८५५

श्रीशक १७२० श्राव. शुएकादशी घ १०।१८ परद्वादशी पू. षा घ ४१।२ प्रीति ३।१५
बुधे उ प्र घ १४।२२ लग्न ६।२४ श्रीन्यायकेशरीपुत्री. भाद्रदिन १०

## दैवज्ञकेसरी अर्ज्यालकी जेठी छोरी

जन्म– वि. सं. १८५५

शक १७२० कार्त्ति. शुएकादशीघ ११।५८ उ. भा. घ ४।८ सिद्धिघ ५०।४५ सोमे सं प्र
घटि २०।४६ श्रीदैवज्ञकेशरीपुत्री

## माहिली छोरी

जन्म– वि. सं. १८५६ मृत्यु– वि. सं. १८५८

संवत् १८५६ शक १७२१ मार्गशीर्षमासे कृष्ण २ घ ३९।४७ रोहिणीघ ३०।८ तस्यैव भुक्त-
घटि ३८।१९ शिवयोगे ४०।० गुरुवासरे उ प्र घ ६।११ मध्यमपुत्री
श १७२३ भाद्र २ घ. ४५।३७ पू. भा. घ. ३९।१ घ भौमे उ प्र घ. १२ मृताः सा

## दैवज्ञकेसरी अर्ज्यालकी माहिली छोरी

जन्म– वि. सं. १८५८

शक १७२३ वैशाखकृ २ घटि ६ परतृतीया स्वातिघ ३१ हर्षणघ १५ बुधे उ प्र घ १३।२१ श्रीदैवज्ञकेसरीद्वितीयपुत्री ।

## बखतावरसिंह बस्न्यातका छोरा

जन्म– वि. सं. १८५९

श्रीबखतावरपुत्रः श १७२४ भा. शु १० घ ५७।३४ मृग ५२।८ पर आ भु घ ३।२८ हर्षणघ १८।१५ पर व रवौ सं प्र २३।८ रात्रौ

## दैवज्ञकेसरी अर्ज्यालका माहिला छोरा

जन्म– वि. सं. १८६१

श्रीदैवज्ञकेसरीद्वितीयपुत्रः श १७२६ वैशा. कृष्ण ३ तृतीयाघटि ७।२१ चतुर्थीभुक्तघ ३५।७ ज्येष्टाघ ४२।१८ परमूलभुक्तघटि २।७ परिघघ २३।२४ परशिवयोग शनौ रात्रिगतघटि १२।५ जन्म

## दैवज्ञकेसरी अर्ज्यालका साहिँला छोरा

जन्म– वि. सं. १८६३

श्रीदैवज्ञकेसरी.तृतीयपुत्र श १७२८ माघकृ ३ घ ४६।३८ मघा १३।४ मघाभुक्तघ ५१।५० शोभनयो. घ ४६।१९ सोमे उ प्र घ ४।५८ जन्मः

(क्रमागत)

# वि. सं. २००७–८ मा आफूले देखेसुनेका र आफ्नो मनमा लागेका कुरा

— नयराज पन्त

पृथ्वीनारायणः सामान्यशक्तेर्गोरखादेशस्य शासकत्वमेव पित्र्यत्वेन लेभे, स्वपौरुषेण पित्र्यं राज्यं द्वादशगुणितं च विदधे। पृथ्वीनारायणेन विजिता माकन्द-कान्तिपुर-ललितपुर-भक्त-पुर-चौदण्डो-विजयपुराधिपाः षडिमे राजानो गोरखाधिपादधिकतराभ्यां कोशदण्डाभ्या-मुपेता अपि प्रज्ञाशक्तेरल्पतया पराभवं जग्मुः। पित्र्यं [पृथ्वीनारायणेनाधिगताद् राज्यात् त्रिगुणासन्नं] महद् राज्यं प्रचुरौ कोशदण्डौ च समधिगत्य सुखं निवसन्नपि पृथ्वीनारायणस्य प्रपौत्रपुत्रो राजेन्द्रविक्रमः प्रज्ञापराधात् स्वानुयायिनो जङ्गबहादुरस्य वन्दितामात्मानं स्ववंश्यांश्च चिराय निनाय।

नेपालप्रधानामात्येषु राणाकुलजा एव धनिकतरा बभूवुः। तेष्वपि मोहनशमशेर आढ्यतमः। परं स एव राणाकुलगौरवविनिपातने हेतुतामभजत।

अत्र च सूक्ष्मेक्षिकया दृष्टे धनिनां पराभवो निर्धनैर्विधीयमानो दृग्गोचरीभवति।

अधिगम्य धनं सुखं न भुक्त्वा मनुजः किं धनिताफलं समीप्सेत्।
धनभोगभवैर्नृणां विलासैर्मतिशक्तिः क्रमशः क्षयं समेति॥
धिषणाविलये समीक्ष्य लोके चलितुं नैव जनः क्षमत्वमेति।
अपथे पदमीप्सतां जनानां विनिपातश्च कथं भवेद् दवीयान्॥

२००७।१२।२४।६

अविश्वास्यो हि विसंवादकः स्वेषां परेषां च भवति
[कौटलीयेऽर्थशास्त्रे दुर्गलम्भोपाये लब्धप्रशमने]

वेदखखद्वि[२००४]मिते वैक्रमाब्दे प्रकाशिता नेपालराज्यस्य नियामिका पद्धतिर्नेपाले पञ्चखखद्वि[२००५]मितस्य वैक्रमाब्दस्य प्रारम्भादेव प्रयुक्ता भविता, बाधास्वापतितास्वपि ते सर्वे नियमाः पञ्चखखद्वि[२००५]मितवैक्रमाब्दावसानात् प्रागेव प्रयोजयितार इति घोषणा नेपाले प्रजातन्त्रवादिनो जनान् सन्तोषयामास ।

अर्थ एव प्रधान इति कौटल्य इति सूत्रं लोकेऽप्रतिहतगति चिराद् राजत एव । नेपाले प्रधानमन्त्रिणामपत्यानां महदैश्वर्यं विलोक्येर्ष्यया दन्दह्यमानमनोभिः पुरुषैः प्रवर्तिता नेपालप्रधानमन्त्री प्रतिवर्षं नव कोटी रूप्यकाणि राजकीयात् कोषादपहृत्याऽत्मसात् करोतीति किंवदन्ती साधारणानां मनांस्यपि राणाकुलद्वेषीणि चिराद् विदधे । अत्र च किंवदन्त्यां सत्योंऽशोऽल्प एवेति मे मनीषा । यतो नव कोट्यो रूप्यकाणि नेपाले प्रतिवर्षं नहि समुत्पद्यन्ते । व्ययातिरिक्त आयश्च कोटिद्वयादल्प एव भवेदिति चिन्तयामि । एतस्य विषयस्य व्यक्तिश्चाऽचिरादेव भविता ।

तत्र च वेदखखद्वि[२००४]मिते वैक्रमाब्दे प्रकाशितायां पद्धतौ प्रतिवर्षमायव्ययविवरणं प्रकाशयिष्यत इति स्फुटं लिखितमासीत् । परं राणाकुलप्रधानं प्रधानमन्त्री श्रीमोहनो न वाऽऽयव्ययपरिमाणमेव विवृतमकरोन्न वा राजकीयकोषस्याऽत्मसात्करणादेव व्यरमत् । एवं सार्धे द्वे वर्षे स तूष्णीमेवाऽत्यवाहयत् ।

पुनश्च तत्रैव पद्धतौ जनाः स्वमाशयं लेखनेन भाषणेन च विवरीतुं प्रभविष्यन्तीति स्फुटं लिखितमासीत । परं पञ्चखखद्वि[२००५]मितवैक्रमाब्दस्याऽरम्भे मेषसङ्क्रान्तौ रथ्यायां गोरखापत्रं पठित्वा श्रीमोहनं प्रशंसन् किमपि भाषमाण एकैको जनो नगररक्षिभिर्बन्दिग्राहं जगृहे । तस्मिन्नेव वत्सरे विजयादशम्यां सभायां भाषमाणा जनाश्च कारागृहातिथितां निन्यिरे ।

एवं कुर्वन् श्रीमोहनः प्रकृतीरात्मनि विश्वासहीना अकरोदिति मे मनीषा ।

षट्खखद्वि[२००६]मिते वैक्रमाब्दे भारतस्य निमन्त्रणात् तदातिथ्यं जिघृक्षुः श्रीमोहनो नेपाले ग्रामपाञ्चालिकानां स्थापनेच्छां विवृत्य शताधिका ग्रामपाञ्चालिका लब्धप्रतिष्ठाश्चाऽकरोत् ।

सप्तखखद्वि[२००७]मिते वैक्रमाब्दे भाद्रमासे ग्रामपाञ्चालिकानां नगरपाञ्चालिकानामधीतिनां वणिजां च प्रतिनिधीनाहूय निर्मितायां संसद्यपि स प्रधानमन्त्री नाऽयव्ययप्रदर्शनेच्छामदर्शयत् ।

एवं स सर्वथाऽऽयव्ययविषये धूर्तैरनभिज्ञैश्च प्रवर्तितां द्वेषमूलां किंवदन्तीं प्रजानां हृदये रूढमूलां व्यदधात्, स्वाः प्रकृतीश्च विश्वासापगमादकोपयत् । नूनमत्र लोभ एव कारणं भवेत् ।

एवं विश्वासहीनास्वपरक्तासु प्रजासु परैरुत्थापित उपजापो महान्तमनर्थमुदपादयत् । यन्मूलश्च राणाकुलविनिपतनं नेपालेऽराजकता च प्रादुरभूत् ।

प्रतिज्ञां स्वां हित्वा जनयति जनो मित्रहृदयं विकल्पैराक्रान्तं परजनकथाऽऽकर्णनपरम् ।
विभिन्ने मित्रे स्वे रिपुरुपचितिं प्राप्य महतीमनायासेनैव प्रथितमपि भूपं व्यथयति ।।

२००७।१२।२५।७

अधुना लोकनेतृब्रुवैः कोइरालादिभिरात्मसात् कृते राज्याधिकारे भारतीयौ राजकीयेषु विषयेषु सम्मतिदातारौ गोविन्दनारायणवृजनारायणौ कृतपदौ दृश्येते । एवं नेपालका भारतीयानामनुचरतां प्रतिदिनमेधमानया गत्या बिभ्रतीव ।

पुनश्च नागरिकाधिकारसमित्यभिधया कयाचन परिषदा नेपालकेषु न्यायाधिकरणेषु यूरोपीया नियुज्येरन्निति स्व आशयः प्राकाश्यत ।

अत्रेदं तावत् पृच्छ्यते । प्रजातन्त्रात्मिका राज्यव्यवस्था नेपाले प्रचरत्विति तारस्वरेण ब्रुवाणा विविधसभावादिनो नेतृब्रुवाः प्रजातन्त्रव्यवस्थां सम्यक् स्वयं जानन्ति न वा । जानन्ति चेत् तिरोजनपदैर्बहुवेतनैराहूतैरलम् । न जानन्ति चेद् यां व्यवस्थां ते सम्यङ् न जानन्ति तामेव लोकान् शिक्षयितुं कृतोद्यमा इमे लोके दम्भनातिरिक्तं किं विदध्युरिति ।

वस्तुतस्तु या व्यवस्था यस्य हृदयङ्गमा भवति तयाऽपि स बहुनाऽऽयासेन सञ्चरितुं प्रभवतीति विविधेषु कार्येष्वापतद्भिर्विघ्नैराकुलीक्रियमाणाः कर्मठा जना जानन्त्येव । एवं

सति स्वस्याः परिचितेर्दवीयसीमन्येषामनुकरणैकपरां स्वदेशहितावहतां गच्छति न वेत्य-विचारितपूर्वां व्यवस्थां याचमाना इमे नेतृब्रुवास्तिरोजनपदानामनुचरतां विहाय किं वा स्वदेशहितं विदध्युरिति परीक्षका एव विचारयन्तु ।

परदेशकथां हृदये दधतो निजदेशकथां परतां नयतः ।
शुकवन्मधुरैर्वचनैर्लपतो मनुजस्य मतिः किमु वा प्रथयेत् ।।

२००७।१२।२५।७

पृथ्वीनारायणले सामान्य शक्ति भएको गोरखाको राज्यमात्र बाबुबाट पाएका थिए । उनले बाबुबाट पाएको राज्य-लाई आफ्नो पौरखले १२ गुना पारे । पृथ्वीनारायणले जितिएका मकवानपुर, कान्तिपुर, ललितपुर, भक्तपुर, चौदण्डी र विजयपुरका यी छ जनै राजा गोरखाका राजाभन्दा धनी र यिनीहरूका फौज पनि धेरै भए पनि बुद्धिको कमीले गर्दा यिनीहरूले हारे । बाबुबाट पाएको [पृथ्वीनारायणको राज्यभन्दा कण्डै तीन गुना] ठूलो राज्य, प्रशस्त धनदौलत र फौज भएर आनन्दसँग बसेका, पृथ्वीनारायणका जनाति राजेन्द्रविक्रमले बुद्धि नभएकोले आफ्नै नोकर जङ्गबहादुरको बन्धनमा आफूलाई र आफ्ना सन्तानलाई धेरै कालसम्म पारे ।

नेपालका प्रधानमन्त्रीहरूमा राणाजीहरू नै धनी थिए । तिनमा पनि मोहनशमशेर नै सबभन्दा धनी हुनुहुन्छ । तर उहाँ नै राणावंशको गौरव खतम पार्ने कारण बन्न पुग्नुभयो ।

यहाँ यसो गढेर हेर्दा गरीबद्वारा धनी जितिएको देखिन्छ ।

धन पाएर पनि सुखभोग नगर्ने मान्छेले धनी हुनाको के फल पाउँछ ? धनको भोगबाट आउने विलासद्वारा मान्छेको बुद्धि बिस्तारै खिइएर जान्छ । बुद्धि खिइएपछि मान्छे राम्रोसँग काम गर्न सक्दैन । कुबाटोमा पाइला टेक्न खोज्ने मानिसहरूको नाश अनि कसरी हुँदैन ।

वि. सं. २००७।१२।२४।६

आफूले गरेको कबूल नपुर्‍याउने मान्छेलाई आफ्नाले पनि पत्याउँदैनन्, अरूले पनि पत्याउँदैनन् । (कौटलीय अर्थ-शास्त्र दुर्गलम्भोपाय लब्धप्रशमन)

वि. सं. २००४ मा प्रकाश गरिएको नेपाल राज्यको *वैधानिक कानून* नेपालमा वि. सं. २००५ को शुरूदेखि लागू हुनेछ, कुनै किसिमको बाधा आइपरेको खण्डमा पनि ती सबै नियम २००५ साल नटुङ्गिँदै लागू हुनेछन् भन्ने घोषणाले नेपालमा प्रजातन्त्रवादी मानिसहरूलाई सन्तुष्ट पार्‍यो ।

पैसा नै मुख्य हो भन्ने कौटल्यको विचार छ। यही सूत्र संसारमा धेरै कालदेखि चली नै रहेछ । श्री ३ महाराजले सालिन्दा ९ करोड रुपियाँ मुलुकीखानाबाट झिकेर आफ्नो पार्छन् भनी नेपालमा श्री ३ महाराजहरूका सन्तानको ठलो ऐश्वर्य देखेर छाती पोलेका मानिसहरूले पिटाएको हल्लाबाट सर्वसाधारणको मनमा पनि राणाकुलको रीस धेरै कालदेखि जमाइदिएको छ । यस हल्लामा सत्य कुरा थोरै मात्र होला भन्ने मलाई लाग्छ । किनभने नेपालमा सालिन्दा ९ करोड रुपियाँ आम्दानी हुँदैन । खर्च कटाएर बचेको रकम २ करोडभन्दा कमै होला भन्ने मलाई लाग्छ । यो कुरा अब चाँडै नै स्पष्ट हुनेछ ।

आम्दानीखर्चको विवरण वर्सेनि प्रकाश गरिनेछ भनी वि. सं. २००४ मा प्रकाश गरिएको *वैधानिक कानून*मा स्पष्टै लेखिएको थियो । तर श्री ३ मोहनले न आम्दानी यति हुन्छ, खर्च यति हुन्छ भन्ने विवरण नै प्रकाश गराउनुभयो, न मुलुकीखानाबाट पैसा झिक्ने कामै छोड्नुभयो, यसरी अढाइ वर्ष उहाँले चूप लागेर बिताउनुभयो ।

फेरि त्यही *वैधानिक कानून*मा मानिसहरू लेखेर र बोलेर आफ्ना आशय प्रकट गर्न पाउनेछन् भनी स्पष्ट लेखिएको थियो । तर वि. सं. २००५ को वैशाख लाग्ने सङ्क्रान्तिको दिन सडकमा *गोरखापत्र* पढ्दै श्री ३ मोहनको तारीफ गरेर केही बोलिरहेको मानिसलाई पुलीसले पक्र्यो । त्यही वर्ष टीकाको दिन सभामा बोलिरहेका मानिसहरू पनि क्यालखानामा थुनिए ।

यसो गरेर श्री ३ मोहनले आफूउपरको दुनियाँको विश्वास हटाउनुभयो भन्ने मलाई लाग्छ ।

भारतले बोलाउँदा भारतको मेजवानी लिउँला भन्ने इच्छा भएका श्री ३ मोहनले वि. सं. २००६ मा नेपालमा गाउँपञ्चायतको स्थापना गर्ने इच्छा प्रकट गरेर सयभन्दा बढी गाउँपञ्चायतको स्थापना गर्नुभयो ।

वि. सं. २००७ भदौमा गाउँपञ्चायतका, नगरपञ्चायतका, पढेलेखेका मानिसका र साहूमहाजनका प्रतिनिधिहरूलाई बोलाएर बनाएको व्यवस्थापक सभामा पनि आम्दानीखर्चको विवरण देखाउने इच्छा उहाँले देखाउनुभएन ।

आम्दानीखर्चको विषयमा धूर्त र मूर्खहरूले फैलाएको द्वेषमूलक हल्ला उहाँले यसरी दुनियाँको मनमा गढ्ने पारिदिनुभयो, आफ्ना दुनियाँको पनि विश्वास हट्न गएकोले तिनीहरूलाई कोक्याउनुभयो । पक्कै पनि यहाँ लोभ नै कारण होला ।

यसरी विश्वास हटेका, विरक्तिएका प्रजाहरूमा शत्रुहरूले फैलाएको हल्लाले ठूलो अनर्थ भयो । यतैबाट नेपालमा राणावंशको पतन भयो र अराजकता आयो ।

आफूले बोलेको कुरा नपुर्याउँदा मित्रको हृदयमा पनि दोधार पर्न जान्छ र ऊ शत्रुको कुरा सुन्ने हुन्छ । यसरी आफ्नो मित्र फुट्दा शत्रुको बल बढ्छ र शत्रुले सजिलैसँग सिद्ध्याउन सक्छ ।

वि. सं. २००७।१२।२५।७

लोकनेता भनाउँदा कोइरालाहरूले राज्यको अधिकार लिएपछि गोविन्दनारायण र वृजनारायणनाउँका भारतीय

अहिले राजकाजमा सल्लाह दिने भएका छन् । यताबाट नेपालीहरू भारतीयहरूको पिछलग्गु दिनकादिन हुँदै गइरहेछन् जस्तो देखिन्छ ।

नेपालका अदालतमा यूरोपियनहरू न्यायाधीश नियुक्त गरियून् भनेर नागरिक अधिकारसमिति भन्ने कुनै संस्थाले अर्कोतिर आशय प्रकट गरेको छ ।

यहाँनेर एउटा कुरा सोध्नुपरेको छ । नेपालमा प्रजातन्त्र चलोस् भनेर चिच्याएर थरीथरीका सभामा बोलेर हिंड्ने नेता भनाउँदाहरू आफैँलाई प्रजातन्त्रव्यवस्थाको विषयमा राम्रो ज्ञान छ कि छैन ? छ भने थुप्रो तलब दिएर विदेशी किन बोलाउनुपर्‍यो ? छैन भने जुन व्यवस्थाको विषयमा तिनीहरूलाई राम्रो ज्ञान छैन, त्यही व्यवस्था दुनियाँलाई सिकाउने उद्योग गर्ने यिनीहरूले ढोङसिवाय अरू के गर्लान् ?

वास्तवमा जुन व्यवस्था जसले राम्ररी बुझेको छ, त्यही व्यवस्थाअनुसार चलन पनि निकै नै परिश्रम पर्छ भन्ने कुरा काम गर्दा आइपर्ने विघ्नले गर्दा आकुलव्याकुल भएका, राम्ररी काम गर्ने मान्छेहरूलाई थाहै छ । यस्तो हुँदा आफूले बुझ्दै नबुझेको, अरूको नकल मात्र गरिएको व्यवस्था माग्ने यी नेता भनाउँदाहरूले विदेशीका पिछलग्गु हुनुबाहेक के देशहित गर्लान् भन्ने कुरामा विद्वान्हरूले नै विचार गरून् ।

विदेशका कुरा मनमा खेलाउने, स्वदेशका कुरा पन्छ्याउने, सुगा रटे जस्तो मीठो स्वरले बोल्ने मान्छेको बुद्धिले के काम गर्छ ?

वि. सं. २००७।१२।२५।७

# नेपाल् इन् पर्स्पेक्टिभ्को गर्भैमा रहेको संस्करणको विषयमा

— महेशराज पन्त

वि. सं. २०३० मा *नेपाल् इन् पर्स्पेक्टिभ्* भन्ने पुस्तक आर्थिक विकास तथा प्रशासनकेन्द्रद्वारा प्रकाशित भएको थियो । आफ्नो देशको भुवनकोश, नृतत्त्व, इतिहास, संस्कृति र धर्म, कला र वास्तुकला, भाषा, वाङ्मय आदिको विषयमा तत्तद्विषयका विशेषज्ञहरूको के विचार छ भन्ने कुरा संसारलाई देखाउन विभिन्न विषयका विशेषज्ञहरू-द्वारा तयार गरिएको भनी दावा गरिएको त्यस पुस्तकमा मैले इतिहाससम्बन्धी धेरै नै अशुद्धि देखें । त्यो पुस्तकको

सम्पादन पशुपतिशमशेर जङ्गबहादुर राणा र कमलप्रकाश मल्लद्वारा भएको थियो । संसारलाई नेपालको परिचय दिन कमर कसेका विशेषज्ञ भनाउँदाहरूको ज्ञान कुन तहको छ भन्ने कुरा लोकलाई देखाउन ती अशुद्धिको सप्रमाण खण्डन गर्नु मैले जरुरी ठहऱ्याएँ । त्यसैअनुसार वि. सं. २०३१ माघमा छापिएको *पूर्णिमा*को ३२ अङ्कका २५० देखि २६५ पृष्ठसम्म मैले त्यस पुस्तकको आलोचना गरी छपाएँ । नमूनाको लागि मैले त्यहाँ सम्पादकहरू मिलेर लेखेको लेखको एक दुइ कुराको मात्र आलोचना गरेको थिएँ । मेरो त्यस लेखबाट विशेषज्ञ कहलाएकाहरू कति थोरै ज्ञानको भरमा विश्वलाई नेपालको परिचय दिन हतारिएका रहेछन् भन्ने कुरा *पूर्णिमा* पढ्नेहरूले राम्ररी नै बुझे ।

कमलप्रकाश मल्लको सत्यमा आस्था छैन, जुन बेला जे बोल्दा फाइदा हुन्छ, त्यही बोल्ने स्वभाव कमलप्रकाश मल्लको छ भन्ने कुरा मैले वि. सं. २०४० चैत्रमा छापिएको *पूर्णिमा*को ५८ अङ्कका २२–२५ पृष्ठमा प्रसङ्गवश लेखेको थिएँ । त्यस कुरालाई सिद्ध गर्न मैले कमलप्रकाश मल्लका आठ वर्षभित्र छापिएका दुइटा लेख अघि सारेको थिएँ । पहिलो लेख *नेपाल् इन् पर्स्पेक्टिभ्*मा छापिएको कमलप्रकाश मल्लको भाषासम्बन्धी लेख थियो । नेपालखाल्डोमा मल्लकालमा नेपालीको पनि खास गरी जनभाषाको रूपमा प्रशस्त चलनचलती भइसकेको थियो भनी त्यहाँ लेखिएको थियो । अर्कोचाहिँ कमलप्रकाश मल्लको *क्ल्यासिकल् नेवारी लिट्अरेचर् : ए स्केच्* भन्ने पुस्तक थियो । नेपालखाल्डोमा मल्लकालमा नेपाली भाषाको केही प्रभाव थिएन; प्रताप मल्लले आफ्ना अभिलेखमा फ्रेन्च र ल्याटिनका शब्द हाले जस्तै नेपालीमा अभिलेख राखेका हुन्; फ्रेन्च र ल्याटिन लेख्न सक्ने, मैथिली र बङ्गालीमा नाटक लेख्न सक्ने मानिस नेपालखाल्डोमा भए जस्तै केही थोरै मानिसले नेपालीमा अभिलेखको पाठ तयार गर्न सक्थे भनी त्यस पुस्तकमा लेखिएको थियो ।

शासनमा छिरी नसक्दै शासनको छत्रीमुनि बस्ने तयारी गर्ने सिलसिलामा शासनको छत्रच्छायामा रहेको संस्थाबाट छापिएको पुस्तकमा नेपाली भाषा मल्लकालमा नेपालखाल्डोमा जनभाषा थियो भनी लेख्ने कमलप्रकाश मल्लले शासनमा घुसी, केही वर्ष रमझम गरेर शासनबाट फालिएपछि नेपाली भाषा त्यही नेपालखाल्डोमा र त्यही मल्लकालमा सात समुद्रपारिको फ्रेन्च र ल्याटिन जस्तो बिरानो भाषासरह थियो भनी लेखेको कुरालाई मैले कमलप्रकाश मल्लको मौकापरस्तीको उदाहरण बनाएको थिएँ ।

विक्रमसंवत्को राष्ट्रिय मान्यता खारेज गरी त्यसको सट्टा नेपालसंवत्लाई राष्ट्रिय मान्यता दिनुपर्छ भन्ने माग कमलप्रकाश मल्ल जस्ता मानिसहरूबाट केही वर्ष यतादेखि भइरहेछ । जब यस्ता माग पूरा हुँदै जान्छन्, तब यस्ता खालका अरू अरू माग बढ्दै जान्छन् र हाम्रा पुर्खाहरूले निकै कष्टले आर्जेको हाम्रो देशको एकतामा खलल पर्न जान्छ भन्ने देखी एक जना ऐतिहासिकको नाताले यस विषयमा बोल्नु मैले जरुरी ठहऱ्याएँ र वि. सं. २०३८ देखि यस विषयमा म लेख्दै आइरहेको छु । सत्यमा आस्था नभएका र जातिगत द्वेष फैलाई नेता हुन खोज्ने कमलप्रकाश मल्लको कलमबाट भने नेपालसंवत्को चलनचलती रोकी विक्रमसंवत्को चलनचलती सरकारी तहमा चन्द्रशमशेरको पालामा वि. सं. १९६० देखि शुरू भयो भन्ने लेख वि. सं. २०३९ मा निस्कन गयो । मैले कमलप्रकाश मल्लको यो फटाहा कुराको सप्रमाण खण्डन *पूर्णिमा*को ५८ अङ्कका १९–२० पृष्ठमा प्रसङ्गवश गरेको थिएँ ।

मेरा लेखबाट कमलप्रकाश मल्लका अज्ञान, मौकापरस्ती र जातिगत द्वेष फैलाई नेता हुने कामना प्रकट हुन गएकाले कमलप्रकाश मल्लको क्रोध नियन्त्रित हुन सकेन र कमलप्रकाश मल्लबाट मलाई मात्र होइन, संशोधन–मण्डलका

प्रवर्तक मेरा पिताजी नयराज पन्त र संशोधन–मण्डललाई समेत अत्यन्त तल्लो स्तरको गालीगलौजको कटारी भन्यो ।[१]

फटाहा, मौकापरस्त र जातिगत द्वेष फैलाउने भनी मलाई महेशराज पन्तले आक्षेप गरेका छन्, त्यस आक्षेपको विषय म अन्तै उठाउनेछु[२] भनी कमलप्रकाश मल्लले वि. सं. २०४१ साउनमा[१] छापे तापनि आठ महीना बितिसक्दा

---

१. वि. सं. २०४१ मा काठमाडौँबाट नेपाल स्टडी सेन्टरद्वारा प्रकाशित, कमलप्रकाश मल्लको *इम्पेक्‌अब्ल् हिस्टोरिओग्रफि इन् नेपाल् ए रिबट्‌अल्* (नेपालमा इतिहासरचना – प्रतिवाद) ।

२. नट् लङ एगो, आइ रिभ्यूड् मेरि शेफर्ड् स्लसर्'ज् *नेपाल् मण्डल* (प्रिन्स्टन्: प्रिन्स्टन् यूनिभर्सिटि प्रेस्, १९८२) इन् *कन्ट्रिब्यूशन्ज् टु नेपालिज् स्टड्इज्* (भल्. ११: १: १२५– १३३) । इन् कोर्स् अफ् द रिभ्यू, आइ क्वेस्चन्ड् स्लसर्'ज् याड्युलेशन् अफ् ए बुक् एड्इट्इड् बाइ नय राज् पन्त् यान्ड् हिज् डिस्साइप्ल्ज्, कम्एन्ट्इङ बाइ द वे इन् ए फ्यू लाइन्ज्, द्याट् द बुक्, *श्री पाँच पृथ्वीनारायण शाहको उपदेश*, इज् यान् इमेप्ट् स्पेस्इमिन् अफ् एडिटर्इअल् यान्ड् एक्स्इजेट्कल् स्किल्ज् ।

महेश् राज् पन्त्, ए सन् यान्ड् डिस्साइप्ल् अफ् नय राज् पन्त्, ह्याज् रिसेन्ट्लि पब्लिश्ड् ए २९– पेज् लेट्अर् इन् नेपाली अड्रेस्ड् टु मी इन् प्रिन्ट् इन् देर् फ्याम्इलि जर्नल्, *पूर्णिमा* भल्. ५८: १–२९ (अप्रिल् १९८४) । द लेट्अर् कन्सिस्ट्स् अफ् थ्री कम्पोनन्ट्स्: १) ए पथेट्इक् यान्ड् फल्टर्इङ डिफेन्स् अफ् नय राज् पन्त्'स् वर्क्; २) निट्–पिक्इङ इन् ल्युड्विग् स्टिलर्'ज् ट्रान्स्लेशन् अफ् दि *उपदेश*–टेक्स्ट्, यान्ड् ३) पर्सन्अल् अट्याक्स् अन् मी । अल्दो महेश् राज् ह्याज् लिट्ल् टु डू विथ् द बुक्, ही डिफेन्ड्ज् हिज् फादर्'ज् *म्याग्नम् ओपस्* अर् पट् पोरि ह्विच्, अफ् कोर्स्, इज् अन्डर्स्टयान्ड्एब्ल् । ही अट्याक्स् मी पर्सन्अल्लि, यूज्इङ सच् लेब्ल्ज् इन् प्रिन्ट् याज् 'लाइअर्', यान्ड् बाइ इम्प्लिकलेशन्, यान् अप्अर्टच्यूनइस्ट् यान्ड् कम्यूनलिस्ट् । आइ विल् टेक् अप् दिज् पर्सन्अल् अट्याक्स् अन् मी इन् ए डिफ्अर्एन्ट् फोर्अम् । हिर् आइ विश् टु रेज् मोर् फन्डमेन्टल् इस्यूज् ।

(उही पुस्तकको १ पृष्ठ ।)

[ धेरै अगाडिको कुरा होइन, प्रिन्स्टन्बाट प्रिन्स्टन युनिभर्सिटी प्रेसद्वारा वि. सं. २०३९ मा प्रकाशित, मेरी शेफर्ड स्लसरको *नेपाल् मण्डल*को गुणदोषको विवेचना मैले *कन्ट्रिब्युशन्ज् टु नेपालिज् स्टड्इज्* (नेपाल-विषयक विद्यासम्बन्धी लेख) को ११ भागको १ अङ्कका १२५–१३३ पृष्ठमा गरेको थिएँ । सो पुस्तकको गुणदोषको विवेचना गर्ने सिलसिलामा नयराज पन्त र उनका चेलाहरूले सम्पादन गरेको *श्री ५ पृथ्वीनारायण शाहको उपदेश* सम्पादनसम्बन्धी र व्याख्यासम्बन्धी दक्षताको अनुपयुक्त नमूना हो भन्ने विषयमा प्रसङ्गवश थोरै हरफमा टीकाटिप्पणी गरेर मैले सो पुस्तकको स्लसरले गरेको चापलूसीको विषयमा आपत्ति उठाएको थिएँ ।

नयराज पन्तका छोरा र चेला महेशराज पन्तले हालै तिनीहरूको घरेलु पत्रिका *पूर्णिमा*को वि. सं. २०४० चैत्रमा

पनि मैले कमलप्रकाश मल्लमाथि जुन जुन दोष लाएको थिएँ, ती लाएका दोषको निराकरणको विषयमा केही लेखेको देखिएको छैन ।

कमलप्रकाश मल्लको सत्यमा आस्था छैन, जुन बेला जे बोल्दा फाइदा हुन्छ, त्यही बोल्ने स्वभाव कमलप्रकाश मल्लको छ भन्ने कुरा फेरि पनि म दोहऱ्याउँछु र त्यस विषयमा केही लेखी पनि हाल्छु ।

नेपालमा जसरी भए पनि विक्रमसंवत् खारेज गरेर नेपालसंवत् चलाउने कामना भएका कमलप्रकाश मल्लले नेपालसंवत्को चलनचलती रोकी चन्द्रशमशेरको पालामा वि. सं. १९६० देखि विक्रमसंवत्को चलनचलती शुरू गरियो भनी लेखेको कुरा कमलप्रकाश मल्लले फटाहा कुरा लेखेको उदाहरणको रूपमा *पूर्णिमा*को ५८ अङ्कमा मैले देखाएको थिएँ । एउटा कूटो कुरा छोप्न अर्को कूटो कुरा बोल्ने मानिसले जस्तै कमलप्रकाश मल्लले पनि एउटा फटाहा कुरा छोप्न अर्को फटाहा कुरा बोल्नुपरेको चर्चा यहाँनिर गर्नुपरेको छ ।

हालै निस्केको *व्यक्तित्व र विचार* भन्ने पुस्तकमा पुस्तकका सम्पादकको तर्फबाट सोधिएका प्रश्नको उत्तरमा कमलप्रकाश मल्लले बोलेका कुरा परेका छन् ।[४] कमलप्रकाश मल्लको त्यस वक्तव्यको केही अंश नेवारीमा उल्था गरेर नेवारी पत्रपत्रिकामा पनि छपाइएको छ ।[५] त्यस वक्तव्यबाट कमलप्रकाश मल्लको नेता हुने इच्छा स्पष्ट झल्कन्छ । त्यहाँ परेका केही कुरा दुनियाँ भड्काउने खालका छन् त केही कुरा असत्य छन् । दुनियाँ भड्काउने विषयमा

---

छापिएको ५८ भागका १–२९ पृष्ठमा नेपालीमा मलाई सम्बोधन गरी चिठी छपाएका छन् । त्यस चिठीका तीन भाग छन् –१) टीठ लाग्दो गरीकन र लरबरिईकन नयराज पन्तको पुस्तकको पक्ष लिएर लेखिएको भाग, २) ल्युड्विग स्टिलरले गरेको *उपदेश*को मूल भागको उल्थाको लिखापिढी र ३) मलाई लगाइएको व्यक्तिगत आक्षेप । त्यस पुस्तकसँग महेशराजको सम्बन्धै छैन भने पनि हुन्छ, तर पनि आफ्ना बाबुको ठूलो कृति वा छ्यासमिसे पुस्तकको पक्षमा उनी लेख्न पुगेका छन्, जसको तात्पर्य पक्कै पनि बुझ्न सकिन्छ । फटाहा जस्ता वाक्यांश छापामा प्रयोग गरेर र मौकापरस्त र जातिगत द्वेष फैलाउने भन्ने सङ्केत गरेर उनले मलाई व्यक्तिगत आक्षेप गरेका छन् । मलाई गरिएका यी व्यक्तिगत आक्षेपको विषय म भिन्नै ठाउँमा उठाउनेछु । यहाँ बढी मूलभूत बुँदा उठाउने मेरो इच्छा छ ।]

३. कमलप्रकाश मल्लको यस पुस्तिकामा मिति ई. सं. १९८४ मे ८ दिइएको छ । यसको मतलब वि. सं. २०४१ वैशाख २६ गते यो लेखिएको देखिन्छ । वि. सं. २०४१ साउन २० गते शनिवारको दिन हिजो मात्र निस्केको, कमलप्रकाश मल्लले पठाएको भनी काशीनाथ तमोटले मलाई यो पुस्तिका दिएकोले साउनमा छापिएको भनी मैले माथि लेखेको हुँ ।

४. वि. सं. २०४१ मा काठमाडौँबाट परिवेशद्वारा प्रकाशित, किशोर कुँवरद्वारा सम्पादित *व्यक्तित्व र विचार*का २३२–२४८ पृष्ठ ।

५. वि. सं. २०४१ मा काठमाडौँबाट प्रेमबहादुर कसा:द्वारा सम्पादित र प्रकाशित सितु (दूबो) को ६६ अङ्कका ५१–५८ पृष्ठ ।

काठमाडौँबाट कृष्णसुन्दर मल्लद्वारा सम्पादित र प्रकाशित *इनाप* (प्रार्थना) को वि. सं. २०४१ चैत ७ गते छापिएको, ३ वर्ष ११ अङ्कका ८–९ पृष्ठ, चैत्र २१ गते छापिएको ३ वर्ष १२ अङ्कको ८ पृष्ठ ।

हामीलाई बोल्नुपरेको छैन र सम्बद्ध निकायहरूले नै आवश्यक भएमा बोल्नेछन् । विक्रमसंवत् नेपालमा पहिले-देखि चलेको थिएन भन्ने दुराग्रहलाई पुष्ट पार्न कमलप्रकाश मल्लले लेखेको असत्य कुरामा मात्र हामीलाई अहिले खायस परेकोले त्यस विषयमा मात्र केही लेख्नुपरेको छ ।

विक्रमसंवत्लाई नेपालमा भरखरै चलन थालेको सिद्ध गर्ने सिलसिलामा कमलप्रकाश मल्लबाट तलको वाक्य निस्कन गएको छ–

नेपाल अधिराज्यको वर्तमान सीमानाभित्र आजसम्म पाइएको विक्रम सम्वत् मात्रै प्रयोग भएको सबभन्दा पुरानो राजकीय लिखौट नरभूपाल शाहको मैथिलि–अवधि मिश्रित भाषामा लेखिएको नौहरफको वि. सं. १७९६ (ए. डी. १७३९) को एक ताम्रपत्र देखिन्छ ।[६]

नेपाल अधिराज्यको वर्तमान सीमानाभित्र गोरखा अवश्य पर्छ । गोरखाली राजा डम्बर शाहको पत्रमा विक्रमसंवत् मात्र लेखिएको छ, अरू संवत् लेखिएको छैन । यो पत्र वि. सं. १७०८ को हो । यो पत्र कमलप्रकाश मल्लको यो लेख छापिनुभन्दा ११ वर्षअगाडि छापिइसकेको थियो ।[७] राजाको नाउँले लेखिएको पत्र "राजकीय लिखौट" नभए अरू के हुने हो, यसको परिभाषा कमलप्रकाश मल्ललाई नै थाहा होला । यस कारण वि. सं. १७९६ भन्दा अगाडिका "राजकीय लिखौट"मा विक्रमसंवत्को मात्र प्रयोग भएको पाइँदैन भन्ने कुरा कति असत्य छ, भनि-रहनुपर्दैन ।

गोरखाली राजा रुद्र शाहको पत्रमा पनि उनका बाजेको पत्रमा जस्तै विक्रमसंवत् मात्र दिइएको छ, अरू संवत् दिइएको छैन । यो पत्र वि. सं. १७३० को हो । यो पत्र कमलप्रकाश मल्लको यो लेख छापिनुभन्दा २० वर्षअगाडि नै छापिएको हो ।[८] यस कारण पाइएसम्ममा वि. सं. १७९६ को पत्र नै विक्रमसंवत्को प्रयोग भएको सबभन्दा पुरानो "राजकीय लिखौट" हो भनी कमलप्रकाश मल्लले लेखेको कुरा पूरै असत्य छ ।

गोरखाली राजा पृथ्वीपति शाहका पत्रमा पनि उनका बाबुको पत्रमा जस्तै विक्रमसंवत् मात्र लेखिएको छ, अरू संवत् छैन । यी पत्र वि. सं. १७५९, १७७२ र १७७३ का हुन् । यिनमा पहिलो पत्र कमलप्रकाश मल्लको यो लेख छापिनुभन्दा १५ वर्षअगाडि[९] दोस्रो पत्र २० वर्षअगाडि[१०] र तेस्रोचाहिँ २१ वर्षअगाडि[११] छापिएको हो । यस कारण

---

६. *व्यक्तित्व र विचार*को २४२ पृष्ठ ।

७. वि. सं. २०३० मा काठमाडौं बाट मोहनप्रसाद खनालद्वारा प्रकाशित, उनैको *मध्यकालीन अभिलेख*का २६–२८ पृष्ठ ।

८. वि. सं. २०२१ मा काठमाडौं बाट नेपाल सांस्कृतिक परिषद्द्वारा प्रकाशित रामजी तेवारी, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, शङ्करमान राजवंशी, धनवज्र वज्राचार्यको *ऐतिहासिक पत्र-संग्रह (दोस्रो भाग)* का १०–१५ पृष्ठ ।

९. वि. सं. २०२६ मा काठमाडौं बाट श्री ५ महाराजाधिराजका प्रमुख संवादसचिवालयद्वारा प्रकाशित, बाबुराम

वि. सं. १७९६ भन्दा अगाडिको "राजकीय लिखौट" मा विक्रमसंवत्को मात्र प्रयोग भएको पाइँदैन भनी कमलप्रकाश मल्लले लेखेको कुरा सोह्रँ आना फटाहा ठहरिन्छ ।

नरभूपाल शाहकी रानी चन्द्रप्रभावतीको राजकीय पत्रमा पनि विक्रमसंवत् मात्र लेखिएको छ, अरू संवत् छैन । यो पत्र वि. सं. १७८७ को हो । यो पत्र कमलप्रकाश मल्लको यो लेख छापिनुभन्दा १ वर्षअगाडि नै छापिएको हो ।[१२] यस कारण वि. सं. १७९६ भन्दा अगाडिको "राजकीय लिखौट" मा विक्रमसंवत्को मात्र प्रयोग भएको पाइँदैन भनी कमलप्रकाश मल्लले लेखेको कुरा फटाहा नभए के हो ?

कमलप्रकाश मल्लले भनेको नरभूपाल शाहको ताम्रपत्र वि. सं. १७९६ मङसीरको हो ।[१३] युवराज पृथ्वीनारायण शाहको वि. सं. १७९६ असारको राजकीय पत्र पाइएको छ । त्यहाँ विक्रमसंवत् मात्र छ, अरू संवत् छैन । यो पत्र कमलप्रकाश मल्लको यो लेख छापिनुभन्दा १३ वर्षअगाडि छापिएको हो ।[१४] यस कारण वि. सं. १७९६ मङसीरको ताम्रपत्र नै विक्रमसंवत् मात्र प्रयोग भएको सबभन्दा पुरानो "राजकीय लिखौट" हो भनी कमलप्रकाश मल्लले लेखेको कुरा झूटो नभए के हो ?

नेपाल अधिराज्यको वर्तमान सीमानाभित्र सेनराज्य पनि अवश्य पर्दथ्यो । सेन राजाहरूका विक्रमसंवत्मा मात्र मिति दिइएका पत्र पाइन्छन् । यस कुरालाई पुष्ट पार्न वि. सं. १५७१, १७१९, १७६३, १७६४, १७७९, १७८०, १७८३ र १७८४ का (३ वटा) पत्र अघि सार्न सकिन्छन् । तिनमा पहिलो पत्र कमलप्रकाश मल्लको यो लेख छापिनुभन्दा ४४ वर्षअगाडि[१५], तेस्रो पत्र २९ वर्षअगाडि[१६], छैटौँ पत्र एघार्ह वर्षअगाडि[१७], सातौँ, नवौँ र

---

आचार्यको *श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहको संक्षिप्त जीवनी*को ७५७ पृष्ठ ।

१०. *ऐतिहासिक पत्र-संग्रह (दोस्रो भाग)* का ५०–५२ पृष्ठ ।

११. वि. सं. २०२० मा काठमाडौँबाट प्रकाशित योगी नरहरिनाथ र कृष्णबहादुर गुरुङको *श्रीगुरुङ मगर वंशावली*को ५८ पृष्ठ ।

१२. वि. स. २०४० मा कीर्तिपुरबाट नेपाल एशियाली र अनुसन्धानकेन्द्रद्वारा प्रकाशित *कन्ट्रिब्युशन् टुनेपालीज् स्टड्इज्*(नेपालविषयक विद्यासम्बन्धी लेख)को १० वर्ष १ अङ्कमा छापिएको धनवज्र वज्राचार्यको *श्री ५ पृथ्वीनारायण शाहताकाका केही ऐतिहासिक पत्र* भन्ने निबन्ध, सो अङ्कका १०७–१०८, १११ पृष्ठ र पहिलो चित्र ।

१३. वि. सं. २०३७ मा काठमाडौँबाट नेपाल र एशियाली अनुसन्धानकेन्द्रद्वारा प्रकाशित, धनवज्र वज्राचार्य र टेकबहादुर श्रेष्ठको *शाहकालका अभिलेख*को १० सङ्ख्याको अभिलेख [४०–४२ पृष्ठ] ।

१४. वि. सं. २०२८ मा ललितपुरबाट भोलानाथ पौडेलद्वारा प्रकाशित, मोहनप्रसाद खनालको *पृथ्वीपत्र–संग्रह*को १ पृष्ठ ।

१५. वि. सं. १९९७ मा दार्जीलिङ्गबाट नेपाली साहित्य सम्मेलनद्वारा प्रकाशित, सूर्य्य विक्रम ज्ञवालीद्वारा सम्पादित *भानुभक्त स्मारक ग्रन्थमा* छापिएको बाबुराम आचार्यको *तनहुँको सेन–वंश* भन्ने निबन्ध, सो अङ्कको ६५ पृष्ठ ।

वर्षौं १९ वर्षअगाडि[१८] र बाँकी पत्र २३ वर्षअगाडि[१९] छापिएका हुन् । यस कारण वि. सं. १७९६ को ताम्रपत्र नै नेपाल अधिराज्यको वर्तमान सीमानाभित्र पाइएसम्ममा विक्रमसंवत्‌को मात्र प्रयोग भएको सबभन्दा पुरानो "राजकीय लिखौट" हो भन्ने भनाइ सत्यभन्दा कति कोस पर छ भन्ने कुरामा बढी लेखिरहनुपर्दैन ।

यसरी विक्रमसंवत्‌को मात्र प्रयोग भएका वि. सं. १५७१ देखिका "राजकीय लिखौट" पाइँदा पाइँदै वि. सं. १७९६ भन्दा पुराना "राजकीय लिखौट"मा विक्रमसंवत्‌को मात्र प्रयोग भएको पाइँदैन भनी लेख्ने कमलप्रकाश मल्लको नियत कस्तो रहेछ भन्ने विषयमा बढी बोलिरहनुपर्दैन ।

वि. सं. २०३० मा *नेपाल् इन् परस्पेक्टिभ्*द्वारा आफ्नो अज्ञान उदाङ्ग पारेका, वि. सं. २०३८ मा *नेवारी लिट्-अर्‌इचर्: ए स्केच्*द्वारा आफ्नो मौकापरस्तीको साथै अज्ञान छर्लङ्ग्याएका र वि. सं. २०३९ मा *द रेल्इभन्स् अफ् नेपाल संवत्*द्वारा फटाहा कुरा गर्न पनि पछि नहट्ने कमलप्रकाश मल्लको द्वैध चरित्रको बारे खुलाएर मैले *पूर्णिमा*को ५८ अङ्कका १–२९ पृष्ठमा लेखिसकेको छु । कमलप्रकाश मल्लमा रहेको क्षुद्रता र नीचताको विषयमा *पूर्णिमा*को ६२ अङ्कका ११–२३ पृष्ठमा हामीले लेखिसकेका छौं । कमलप्रकाश मल्लमा सत्यमा कति पनि आस्था छैन, आफ्नो हुनु सोचिन्छ भने जस्तोसुकै फटाहा कुरा बोल्न पनि कमलप्रकाश मल्ल पछि नहट्ने कुराको थप उदाहरण सरसर्‌ मैले दिइहालें ।

वि. सं. २०३० मा छापिएको *नेपाल् इन् परस्पेक्टिभ्*मा अशोकको लुम्बिनीको खाम्बोलाई फलामको[२०] भनेर आफ्नो ज्ञानको इयत्ताको परिचय दिइसकेका कमलप्रकाश मल्ललाई नेपाल र एशियाली अनुसन्धानकेन्द्रले नयाँ संस्करण गर्ने

---

१६. वि. सं. २०१२ मा काठमाडौंबाट इतिहास–प्रकाश–मण्डलद्वारा प्रकाशित, योगी नरहरिनाथद्वारा सम्पादित *इतिहास–प्रकाश*को १ अङ्कको ९१ पृष्ठ ।

१७. वि. सं. २०३० मा काठमाडौंबाट श्री ५ को सरकार शिक्षामन्त्रालय पुरातत्त्वविभागद्वारा प्रकाशित, *प्राचीन नेपाल*को २६ सङ्ख्यामा छापिएको देवीप्रसाद लंसाल र राधेश्याम भट्टराईको *जनकपुर अंचलको पुरातात्विक सर्वेक्षण २०२८* भन्ने निबन्ध, सो सङ्ख्याका २३–२४ पृष्ठ ।

१८. वि. सं. २०२२ मा काठमाडौंबाट योगी नरहरिनाथद्वारा प्रकाशित, उनैको *इतिहासप्रकाशमा संधिपत्र संग्रह*को ६७३ पृष्ठ ।

१९. वि. सं. २०१८ मा काठमाडौंबाट श्री ५ को सरकार पुरातत्त्व र संस्कृतिविभागद्वारा प्रकाशित, शङ्करमान राजवंशीको *पुरातत्त्व–पत्रसंग्रह*को २ भागका ४–८ पृष्ठ ।

२०. दि अर्‌लिएस्ट् आर्‌कीअल्‌अज्‌इक्ल् एभ्‌इडन्स् द्याट् ह्याज् बीन् फाउन्ड् अफ् ल्याङ्ग्विज् यूस् इन् नेपाल् इज् एपिग्र्याफ्इक् । दिस् इज् यान् आइरन् पिल्अर् अफ् अबाउट् २५० बी. सी. इरेक्टइड् बाइ दि इन्डिअन्

अभिभारा सुम्पने कुराको प्रचार कमलप्रकाश मल्लले गरेर हिंडेकाले[२१] सो नयाँ संस्करणमा अज्ञान, मौकापरस्ती, जातिगत द्वेष र असत्यताको कुन अनुपात रहने हो भन्ने कुराको अनुमान नेपाली बुद्धिजीवीहरुले गर्न थालिसकेका छन् ।

*नेपाल् इन् पर्स्पेक्टिभ*को सम्पादन राम्ररी गर्न नसकी बदनामी कमाइसकेका कमलप्रकाश मल्ललाई नै फेरि त्यही पुस्तकको दोस्रो संस्करण निकाल्ने अभिभारा सुम्पने विचार नेपाल र एशियाली अनुसन्धानकेन्द्रले के कति कारणले गरेको हो, त्यो त हामीलाई थाहा छैन । आफूलाई शूद्र भनी सम्झेर हीनताभासले पिरोलिएका कमलप्रकाश मल्लबाट भने नेपाल र एशियाली अनुसन्धानकेन्द्रमार्फत काम गर्न पाएकोले आफू ब्राह्मण भएको सम्झने कामचाहिँ[२२] अवश्य भइसक्यो भन्ने हामीलाई लागेको छ ।

---

एम्पर्अर् अशोक इन् लुम्बिनी टु कमेम्अरेट् दि एम्पर्अर्' ज् भिजिट् टु द बर्थप्लेस् अफ् सिद्धार्थ गौतम, द बुद्ध ।

( वि. सं. २०३० मा काठमाडौंबाट आर्थिक विकास तथा प्रशासनकेन्द्रद्वारा प्रकाशित, पशुपतिशमशेर जङ्गबहादुर राणा र कमलप्रकाश मल्लद्वारा सम्पादित *नेपाल् इन् पर्स्पेक्टिभ्*मा छापिएको कमलप्रकाश मल्लको *ल्याङ्ग्विज्* ( भाषा ) भन्ने निबन्ध, सो पुस्तकको १०१ पृष्ठ ।

[नेपालमा पाइएको, भाषाको प्रयोगसम्बन्धी सबभन्दा पुरानो, पुरातत्त्वसम्बन्धी प्रमाण अभिलेख हो । यो, सिद्धार्थ गौतम बुद्धको जन्मस्थलमा आफू आएको कुराको सम्झौटो राख्न भारतीय सम्राट् अशोकले वि. पू. १९३ तिर लुम्बिनीमा ठड्याएको फलामको लट्ठा हो ।]

२१. "अवेल कस्तो सिर्जनात्मक कार्यमा व्यस्त रहनुभएको छ ?"

"नेपाल र एशियाली अनुसन्धान केन्द्रको तत्त्वावधानमा नेपाल् इन् पर्स्पेक्टिभ् (काठमाण्डु, सेडा, १९७३) को नयाँ संस्करणको लागि योजना बनाउँदै छु । यस बाहेक मेरो ए रेफरन्स ग्र्याम्अर अफ् द नेवारी ल्याङ्ग्विज. पुस्तक इन्स्टिट्युट् फर् एजन यान्ड अफ्रिकन ल्याङ्ग्विजइज यान्ड कल्चर्ज ( टोक्यो ) बाट सन् १९८५ को मई महिनातिर प्रकाशित हुँदैछ । सहकर्मी धनवज्र वज्राचार्यसँग मिलेर नेपाली र अंग्रेजीमा अनुवाद सहित नेपाल-को प्राचीन तथा प्रख्यात गोपालराजवंशावली को फ्याकसिमइलि संस्करण राष्ट्रिय अभिलेखालय र नेपाल रिसर्च सेन्टरको तत्वावधानमा फ्रान्ज स्ताइनर फेर्लाग (जर्मनी) बाट सन् १९८५ को शुरुमा प्रकाशित हुँदैं छ ।

(*व्यक्तित्व र विचार*का २४७–२४८ पृष्ठबाट)

२२. त्रिभुवन विश्वविद्यालयमा अनुसन्धान र शिक्षणलाई एक अर्काको पूरक नभएर बेग्लाबेग्लै क्षेत्र मान्ने परम्परा रहिआएको छ । विश्वविद्यालयको शिक्षण विभागभन्दा छुट्टै अस्तित्वको रूपमा आ. वि. प्र. के (सेडा) को स्थापना १९६९ मा भएपछि शिक्षण र अनुसन्धानलाई पृथक गरिने प्रक्रिया प्रारम्भ भयो । १९७२ मा स्थापित नेपाल तथा एसियाली अध्ययन संस्थानलाई पनि गैह्र- शिक्षण संस्था बनायो । १९७७ पछि स्थापित अनुसन्धान केन्द्रहरु भने आफ्नै स्थायी अन्वेषकहरु भएकोले बेग्लै संगठनको रूपमा नभई सहयोगी निकायको

महेशराज पन्तका

अन् स्यान्स्क्रिट् एडच्युकेशन् रु. ३५।

इनेप्ट् स्पेसिमिन् ? रु. २०।

ह्वट् डिड् अंशुवर्मन् राइट् ? रु. ४०।

दिनेशराज पन्तको

गोरखाको इतिहास (पहिलो भाग) रु. १००।

चाहिएमा तलको ठेगानामा सम्पर्क राख्नुहुन अनुरोध छ–

१०/३७४ वटु सवलबहाल

काठमाडौँ, नेपाल

फो. नं. २–१६४९२

---

रूपमा रहने व्यवस्था गरिएको थियो। तर शिक्षणको अभिसाराबाट मुक्त स्थायी अन्वेषकहरू ती निकायमा नियुक्त गर्न थालिए पछि समस्याको शुरूवात भयो। यसबाट यस्तो स्थिति उत्पन हुन गयो जसलाई त्रिभुवन विश्वविद्यालयमा नयाँ वर्ण व्यवस्था भन्ने गरिन्थ्यो सीनासका ब्राह्मण रीकास्टका क्षेत्रीय, सेडाका वैश्य, त्रि. वि. वि. शिक्षण विभागका शूद्र र अन्स क्याम्पसका पञ्चम वर्ण। खास अवधिका लागि इच्छुक तथा योग्य शिक्षकहरू आएर अध्ययन अनुसन्धान गर्न पाउने सुविधायुक्त निकायको रूपमा अनुसन्धान केन्द्रहरूको परिकल्पना गरिएकोमा ती केन्द्रहरू जो कोही आउन जान सक्ने साझा स्थलको सट्टा "अन्वेषक' भनी नियुक्त गरिएका केही खास व्यक्तिहरूको बिर्तामा परिणत हुन पुगे। मेरो विचारमा यो गलत थियो।

(वि. सं. २०४० मा काठमाडौँबाट किशोर कुँवरद्वारा सम्पादित तथा प्रकाशित *परिवेश* (*साप्ताहिक*) पत्रिकाको *नेपाली वाङ्मय विशेषांक*मा प्रकाशित, कमलप्रकाश मल्लको *नेपालको उच्च शिक्षा व्यवस्थापनका भावी चुनौतिहरू* भन्ने निबन्ध, सो विशेषाङ्कको २३९ पृष्ठ।)

# हाम्रा प्रकाशित कृति

## संशोधन–मण्डलतर्फबाट

| | |
|---|---|
| १. पूर्णिमा १ देखि ६४ अङ्कसम्म | ४१८।५० |
| २. अभिलेख–सङ्ग्रह १ देखि १२ भागसम्म | ७।५० |
| ३. इतिहास–संशोधन | ५०। |
| ४. सावधान–पत्र | २५। |
| ५. विद्या–रक्षा | २०। |
| ६. व्याकरण–संशोधन | ३।५० |
| ७. पञ्चाङ्ग–संशोधन | १५। |
| ८. बुद्धिविनोद–प्रश्नावली र त्यसको उत्तर | २। |
| ९. रत्नदीप | २।५० |
| १०. वृत्तशतक | ३। |
| ११. नेपालसंवत्‌को राष्ट्रिय मान्यताको अनौचित्य | ५। |
| १२. श्री ३ महाराज पद्मशमशेरका कुरा | १२। |

## नेपाल–सांस्कृतिक–परिषद्‌तर्फबाट

| | |
|---|---|
| १. जयरत्नाकरनाटक | ८। |
| २. त्रिरत्नसौन्दर्यगाथा | १०। |
| ३. ऐतिहासिक–पत्रसङ्ग्रह (पहिलो भाग) | ४।५० |
| ४. ऐतिहासिक–पत्रसङ्ग्रह (दोस्रो भाग) | ३।५० |

## जगदम्बा–प्रकाशनतर्फबाट

| | |
|---|---|
| १. गल्लीमा पर्याँकिएका कसिङ्गर | ६।२५ |
| २. इतिहास–संशोधनको प्रमाण–प्रमेय | १८। |
| ३. श्री ५ पृथ्वीनारायण शाहको उपदेश (१–५ खण्ड) | ४१। |

## त्रि. वि. वि. पाठ्यक्रमविकासकेन्द्रतर्फबाट

| | |
|---|---|
| १. गोलबोध | १३।७२ |
| २. सुमतितन्त्र (त्रि. वि. वि. संस्कृत अध्ययनसंस्थानको आयोजनामा तयार भएको) | १०२।५० |

## नेपाल राजकीय–प्रज्ञाप्रतिष्ठानतर्फबाट

| | |
|---|---|
| १. पण्डित गोपाल पाँडे र उनको घनमूल ल्याउने रीति | १६।४० |
| २. प्राचीन र नवीन गणितको तुलना | १५। |
| ३. त्रिकोणमिति (ज्योत्पत्ति) | २५।२५ |
| ४. श्री ५ पृथ्वीनारायण शाहको उपदेशको संस्कृत तथा नेपाली पद्यमयी व्याख्या | २५।४० |

पूर्णिमा ( इतिहास–प्रधान त्रैमासिक पत्रिका ) का. मे अ. द. नं. १५५/२४१

कार्यालय —

संशोधन–मण्डल

१०/३७४ बट्टु सवलबहाल, काठमाडौं, नेपाल

# वि. सं. २०४१ चैत्र

यस अङ्कको मूल्य रु. १५।–

मुद्रक—

लुष प्रेस

ख १, ३७३ काठमाडौं—१